दर्ता नं. ८/०५१/०५२

पान नं. ३०३३८३७८५

नेफस्कून

# GRAMIN
SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.

2080 SUCCEED PROBATION

३१ औं वार्षिक साधारण सभा

# वार्षिक प्रतिवेदन २०८१/०८२
# Annual Report 2024/2025



E-mail : salyangramin@gmail.com

ठेगाना : शारदा नगरपालिका-२, सल्यान
फोन/फ्याक्स : ०८८-५२०२४४
www.graminsaccos.org.np

# संचालक समिति



लक्ष्मण कुमार राई
अध्यक्ष



धिरज रावत
उपाध्यक्ष



श्रीकान्त राई
सचिव



वीरेन्द्र कुमार राई
कोषाध्यक्ष



नरेश कुमार प्रधान
सदस्य



निनु शाह
सदस्य



रमा सिंह
सदस्य



दुर्गा प्रसाद डाँगी
सदस्य



सिता श्रेष्ठ
सदस्य



कञ्चन श्रेष्ठ
सदस्य



धिरेन्द्र कुमार शाक्य
पदेन सदस्य

# लेखा सुपरिवेक्षण समिति



रुप सिंह राई
संयोजक



प्रमिला तिवारी
सदस्य



निलोप दास श्रेष्ठ
सदस्य

# व्यवस्थापन पक्ष



शान्ता राई
प्रबन्धक



निलोफा महर्जन
स. प्रबन्धक



नितेश कुमार श्रेष्ठ
ऋण सहायक



सानुमाया बुढाथोकी
बचत संकलक



बिवेश बाबु श्रेष्ठ
प्र. सहायक



जितेन्द्र बहादुर के.सी.
बजार प्रतिनिधि



भावना बस्नेत
बजार प्रतिनिधि



पर्वत सेजवाल
कार्यालय सहयोगी

दर्ता नं. ८/०५१/०५२ पान नं. ३०३३८३७८५

GRAMIN
SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.

2080 SUCCEED PROBATION

नेफस्कून

मिति : २०८२/०५/२४

पत्र सं. :- २०८२/०८३

चलानी नं. :- ९५

श्री आदरणीय शेयर सदस्यज्यूहरु,

शारदा नगरपालिका, सल्यान ।

## विषय :- ३१ औं वार्षिक साधारण सभामा उपस्थिती सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस संस्थाको मिति २०८२।०५।२४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको ३१ औं वार्षिक साधारण सभा मिति २०८२।०६।२५ गते देखि २९ गते सम्म सन्चालन गरिने भएकोले देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा निम्न मिति, समय र स्थान मा यहाँको गरिमामय उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

### एकाई साधारण सभा

| मिति | स्थान | समय | उपस्थिती हुने शेयर सदस्य |
|---|---|---|---|
| २०८२।०६।२५ | महेन्द्र रत्न मा.वि.,शा.न.पा. ४, पिपलनेटा, सल्यान | ११:०० - ४:०० बजे सम्म | शा.न.पा. ४, ५, ८, ९, १०, ११ र उक्त केन्द्रमा पायक पर्ने |
| २०८२।०६।२६ | उद्योग वाणिज्य संघ,श्रीनगर, सल्यान | ११:०० - ४:०० बजे सम्म | शा.न.पा. १, ६, ७, १२, १३, १४, १५ र २ को जोगिदेउखोला |
| २०८२।०६।२७ | जिल्ला समन्वय समितिको सभा हल, खलंगा, सल्यान | ११:०० - ४:०० बजे सम्म | शा.न.पा. २ को जोगिदेउखोला बाहेक वडा नं. २ र ३ |

### पुरस्कार वितरण कार्यक्रम

| | | |
|---|---|---|
| २०८२।०६।२८ | संस्थाको बैठक कक्ष | बिहान ११:०० बजे देखि |

### ३१औं वार्षिक साधारण सभाको निर्णय प्रमाणीकरण सभा

| | | | |
|---|---|---|---|
| २०८२।०६।२९ | संस्थाको बैठक कक्ष | ११:०० देखि ४:०० बजे सम्म | शा.न.पा. १ देखि १५ नं. वडाबाट छनौट भएका प्रतिनिधिहरु |

**प्रस्तावहरु :**

१. आ.व. २०८१।०८२ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८२।०८३ को प्रस्तावित नीति तथा कार्यक्रम छलफल तथा पारित सम्बन्धमा ।

२. आ.व. २०८१।०८२ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८२।०८३ को प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।

ठेगाना : शारदा नगरपालिका-२, सल्यान
फोन/फ्याक्स : ०८८-५२०२४४
www.graminsaccos.org.np
E-mail : salyangramin@gmail.com

दर्ता नं. ८/०५१/०५२
पान नं. ३०३३८३७८५
GRAMIN
SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.

३. आ.व. २०८२।०८३ को लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा ।

४. आ.व.२०८१।०८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनप्रस्तुत अनुमोदन सम्बन्धमा ।

५. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

६. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।

७. आन्तरिक नीति, निर्देशिका तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।

८. सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

९. सञ्चालक समिति र व्यवस्थापन प्रमुखको पारिश्रमिक तथा सुविधा तोक्ने सम्बन्धमा ।

१०. सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

११. जोखिम विश्लेषण प्रतिवेदन जानकारी गराउने सम्बन्धमा ।

१२. बाह्य दायित्व स्वीकारको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

१३. शेयर लाभांश र संरक्षित पुंजी फिर्ता कोष वितरण दर स्वीकृत सम्बन्धमा ।

१४. नियामक निकायका कार्यक्रमहरुमा सहभागी हुने सम्बन्धमा ।

१५. एकाई साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा ।

१६. साधारण सभाको अन्तिम निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।

१७. सदस्यहरुबाट प्राप्त प्रस्तावहरु सम्बन्धमा ।

पुनश्च :

१. सदस्यहरुले तोकिएको साधारण सभामा आउँदा संस्थाबाट प्रदान गरिएको शेयर सदस्यता नम्बर खुल्ने कागजात/मासिक बचतको बिल लिएर आउनुहुन अनुरोध छ ।
२. वार्षिक प्रतिवेदन संस्थाको वेवसाईट **www.graminsaccos.org.np** मा राखिनेछ ।
३. २०८२ भाद्र महिना सम्मको नियमित बचत नगरेका शेयर सदस्यहरुले यथाशिघ्र नियमित बचत गर्नुहुन हार्दिक अनुरोध छ ।

श्रीकान्त राई
सचिव

ठेगाना : शारदा नगरपालिका-२, सल्यान
फोन/फ्याक्स : ०८८-५२०२४४
www.graminsaccos.org.np
E-mail : salyangramin@gmail.com

# शारदा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खलंगा, सल्यान

# शुभकामना

कर्णाली प्रदेशको प्रवेशद्वारका रुपमा समेत रहेको सल्यान जिल्लाको मुटु एवं शारदा नगरपालिकाको केन्द्रमा रहि ग्रामीण तहमा बचत तथा ऋण प्रवाह गरि सहकारीको मुल्य मान्यतालाई आत्मसाथ गर्दै वित्तीय क्षेत्रको विकासका लागि अग्रणी रुपमा भूमिका खेल्दै शारदा नगरपालिका भित्रका जनताहरुलाई सहकारीमा आवद्ध बनाई आफ्नो जिम्मेवारीलाई कुशल रुपमा वहन गर्दै आएको ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. ३१ औं वर्ष पुरा गरेको अवसरमा वर्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको हुँदा अत्यन्तै खुशी लागेको छ ।

**३१ औं वार्षिक साधारण सभा** को अवसरमा यस संस्थाले मानविय विकासको लागि अपरिहार्य वित्तीय साक्षरतालाई आत्मसाथ गर्दै शारदा नगरवासीहरुको आर्थिक सवलिकरण, सामाजिक रुपान्तरण, बचत गर्ने संस्कारको विकास, जिविका निर्वाह तथा रुपान्तरणका लागि पुयाएरहेको सेवाभावलाई मध्यनजर गरी देशकै उत्कृष्ठ सहकारी संस्थाको रुपमा पहिचान बनाउनु शारदा नगरपालिकाको लागि गौरवको विषय हो । यस संस्थाले वित्तीय क्षेत्रमा आवद्ध सदस्यहरुलाई प्रवाह गरेको सेवा सुविधा, व्यवस्थापनमा ल्याएको पारदर्शिता, विश्वसनियता र लगानीमा जिम्मेवारीपन र सुरक्षाले गर्दा सेवा प्रवाहमा अझै प्रभावकारीता ल्याएको महसुस गर्न सकिन्छ । यसै अवसरमा आफ्नो सेवा प्रदान गर्ने शैलिमा निरन्तरता, दिगो र अपनत्वको बोध गरी आफ्नो कार्यमा सदैव निरन्तर लागि सेवा क्षेत्र विस्तारमा निरन्तरता पाओस भन्ने सुभेच्छा प्रकट गर्दछु । सहकारीका माध्यमबाट नगरवासी नागरिकलाई आर्थिक रुपमा सक्षम बनाउन र सहकारी शिक्षाका माध्यबाट जागृत गराउनका लागि संस्थाले खेल्ने भूमिकामा नगरपालिकाको साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा,
वार्षिक रुपमा प्रकाशित यो प्रतिवेदन, निष्पक्ष, पारदर्शी, सेवामुखी, शेयर सदस्यहरुलाई लाभान्वित बनाउने अपेक्षा सहित सबैको हातहातमा पुगोस भन्ने विश्वासका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

प्रकाश भण्डारी
नगर प्रमुख

Phone No:- 088-520438 URL:www.shaaradamun.gov.np Email ID: ito.shaaradamun@gmail.com

" सफा स्वच्छ र सुन्दर सहर शारदा नगरवासीको रहर"

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

नेफस्कून

आवद्धता

# नेफस्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
श्री ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.
शारदा नगरपालिका -२ सल्यान

## शुभकामना

यस संघमा आबद्ध **श्री ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.को ३१औं** वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको **३१औं** वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "स्वस्थ र सुरक्षित साकोसहरुको जवाफदेही एकीकृत सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८२/०६/०५

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१, ४७९४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np



# शुभकामना

सहकारी संस्था मार्फत सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणको अभियानमा सक्रिय **शारदा नगरपालिका-२, सल्यान** स्थित **ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेडले** आफ्नो **"३१औं वार्षिक साधारण सभाको"** अवसरमा सम्पुर्ण सदस्य,सञ्चालक,कर्मचारी तथा सरोकारवालाहरुको साझा योगदानलाई स्मरणीय बनाउन तथा संस्थाको इतिहास,उपलब्धि र अनुभवलाई दस्तावेज गर्ने उद्देश्यले **"प्रतिवेदन पुस्तिका"** प्रकाशन गरि सदस्य तथा सरोकारवाला माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।यस अवसरमा म संस्थाका शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् संस्था परिवारलाई बधाई दिन चाहान्छु।

यस सहकारी संस्थाले त्यस क्षेत्रमा नागरिकहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपालमा आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दछु। संस्थाले यस क्षेत्रको नेपालको एक अग्रणी सहकारीको रुपमा स्थापित हुदै आफ्नो साख वृद्धि गर्न अग्रसर रहेको पाएको छु।

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा विकासको लागि स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन। यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ। सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य मात्रमा योगदान गरिरहेको छ। सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीय स्तरका आर्थिक सामाजिक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन्। मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ। वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोचलाई पुरा गर्नको लागि सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण रहेको छ।

अन्तमा संस्थाले आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबी न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्दै **"३१औ वार्षिक साधारण सभाको"** हार्दिक शुभकामना व्यक्त गर्दछु।

जय सहकारी !!!

मिति : २०८२-०६-०५

बद्रीकुमार गुरागाई
प्रमुख कार्यकारी अधिकृत

# जिल्ला सहकारी संघ लि.

सल्यान

## शुभकामना

श्री अध्यक्ष ज्यू
ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.
शा.न.पा.-२, सल्यान ।

२०८२ अशोज २५ देखि २९ गते सम्म हुन गई रहेको एकाईगत बार्षिक साधारण सभाको सार्थक सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

स्थापना भए देखिनै यस संस्थाले सदस्य केन्द्रीत रुपमा समुदायमा पुर्‍याएको योगदानलाई सराहना गर्दै समस्त सदस्यहरुको आर्थिक , समाजिक, सांस्कृतिक हितको संरक्षण गर्ने एउटा सशक्त र महत्वपूर्ण माध्यम हो भन्ने मर्मलाई आत्मसात गर्दै आर्थिक सम्पन्नता सहित सुरक्षीत वचत तथा ऋणको माध्यमवाट उज्यालो भविष्यका लागि निरन्तररुपमा महत्वपूर्ण भूमिका निर्बाह गरी रहेको छ ।

ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. खलंगा, सल्यानले विभिन्न समयमा प्राप्त गरेका राष्ट्रीय स्तरका गौरवमय सम्मान तथा पुरुस्कारहरुवाट यो संस्था सहकारीको आदर्श, मूल्य मान्यता सहकारीका सिद्धान्त, ऐन नियमावली का साथै नियामक निकाय एवं विभागीय निर्देशनहरुको पालना साथै संस्थागत रणनीतीहरु अवलम्बन गर्दै नितान्त सदस्य केन्द्रित रही सदस्य तथा समुदाय स्तरमा अत्यन्तै बिश्वासिलो र सुशासनयुक्त सहकारी संस्थाको रुपमा स्थापित भई निर्विवाद ढंगले सदस्यहरुको विश्वास आर्जन गर्न सफल रही आएको छ ।

यदाकदा सहकारीको क्षेत्रमा देखा पर्ने विसंगतीहरु तथा सदस्यहरुको मेहनतको कमाई बचत रकमकासाथै संस्थावाट लगानी गरीने ऋण रकमको समेत दुरुपयोग भई सहकारी आन्दोलन प्रतिकै अकल्पनिय अविश्वास प्रति दृढतापुर्बक सचेत यस संस्थाका कुशल संचालकहरु तथा अनुभवी र दक्ष कर्मचारीहरुको बुध्दिमत्तापूर्ण निर्णयहरु एवं अथक परिश्रमको कदर गर्दछु । यस संस्थाको ३१ औं वार्षिक साधारण सभावाट संस्थाले विगतका वर्षहरुदेखिनै अभ्यास गरीरहेको सबै प्रकारका ब्रान्ड प्राप्त गर्न सो संग सम्बन्धित लेखा परिक्षण गराउने कार्य देखि निर्धारीत सम्पुर्ण सूचकहरु पुरा गर्नका लागि शेयर सदस्यहरुको संस्था प्रतिको तीव्र अपनत्व तथा सक्रिय सहभागीतामा सहकारी मूल्य मान्यता, सिध्दान्तहरुको आधारमा शुसासन, ऐन , नियमावली तथा विनियमको परिधिभित्र रही संस्थाले निर्दिष्ट गरेको रणनितीलाई प्राथमिकतामा राख्दै बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सफलता प्राप्त होस भन्ने मनसायका साथ शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२/६/८

केशव सिंह श्रेष्ठ
अध्यक्ष | अध्यक्ष

“समून्नत समुदायका लागि सक्षम, व्यवसायिक एवं उत्कृष्ट सहकारी संस्था”

***A Capable, Professional & excellent Cooperative for success Community***

## अध्यक्षको मन्तव्य



**लक्ष्मण कुमार राई**
**अध्यक्ष**

ग्रामीण बचत तथा ऋण सहकारी संस्थाको गरिमामय ३१ औं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति एवम् विभिन्न उपसमिति, संस्थाका मालिक एवम् शेयर सदस्यज्यूहरु, व्यवस्थापन लगाएत सम्पूर्णमा हार्दिक स्वागत गर्दै सहकारी अभिवादन टक्रयाउन चाहन्छु।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

संस्था स्थापनाकाल देखि ३० औं वार्षिक साधारण सभा सम्पन्न गर्दा सम्म नेतृत्वदायी भूमिका गर्नु हुने अग्रज संचालक समितिका अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी, विभिन्न उपसमिति एवम् सक्रिय भूमिका निर्वाह गर्नु हुने व्यवस्थापन पक्षका कर्मचारी वर्गहरु र संस्थाका मालिक शेयर सदस्यज्यूहरु प्रति आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु। साथै संस्थाका दिवंगत सञ्चालक सदस्यहरुको योगदानको कदर गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

संस्थाको गुणस्तरीय सुनिश्चितताको लागि नेफ्स्कुनद्वारा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम Programme For Building Absolute and Professionalization (Probation) मा सहभागी भई ऋणको सुरक्षण, प्रभावकारी वित्तीय संरचना, गुणस्तरीय सम्पत्ति, लागतको प्रतिफल दर, तरलता र वृद्धिदरका संकेतहरु लगाएत सदस्य केन्द्रियता, संस्थागत विकास तथा जोखिम व्यवस्थापन, व्यवस्थापन तथा योजना, जवाफदेहिता र सुशासन, कानुनी दायित्व जस्ता सुचकहरुमा तोकिएको मापदण्ड पुरा गरी परिणाममुखी नतिजा प्राप्त गरेको छ। जसका परिणाम संस्थाले लगातार ८ औं पटक सम्म प्रोवेशन ब्राण्ड प्राप्त गर्न सफल भएको छ। यसरी परिणाममुखी नतिजा प्राप्त गर्न आर्थिक अनुशासन, चुस्त व्यवस्थापन सम्पूर्ण शेयर सदस्यहरुको लगानी, लगनशिलता, अनुशासन र योगदानको प्रतिफल नै हो। यस संस्थालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन र सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि आ.ब.२०७५/०७६ देखि एसियाली ऋण महासंघको प्राविधिक सहयोगमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघद्वारा सञ्चालित उत्कृष्ट सेवा तथा सुरक्षाको लागि सर्वोत्तम छनौट A1 Competitive Choice For Excellence In Service And Soundness (ACCESS) कार्यक्रममा सहभागी जनाउँदै आईरहेको व्यहोरा यहाँहरु जानकार नै हुनुहुन्छ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

नेपाल सरकारले जारी गरेको सहकारी ऐन, नियमावली, संस्थाको विनियम र आन्तरिक नीति तथा कार्यविधिहरुको अधिनमा रही स्थापना कालदेखि नै संस्थालाई सुशासनयुक्त सदस्य मैत्री बनाउँदै सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्डलाई क्रमशः कार्यान्वयनमा ल्याउँदै संस्था सञ्चालन भईरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ। यसरी संस्थाको हरेक गतिविधिलाई सुशासन र पारदर्शी रुपमा सञ्चालन गर्दै आईरहेको व्यहोरा संस्थाको विभिन्न किसिमका सूचनाको माध्यमबाट जानकारी गराउँदै आईरहेका छौ।

आ.ब.२०८१।०८२ को वार्षिक प्रगति प्रतिवेदन र आ.ब.२०८२।०८३ को प्रस्तावित नीति तथा कार्यक्रम साथै आर्थिक प्रगति प्रतिवेदन तथा आ.ब.२०८२।०८३ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेटका बारेमा संस्थाका सचिव र कोषाध्यक्षले प्रस्तुत गर्नु हुने नै छ। उक्त विषय वस्तुहरुमाथि यहाँहरुको अमूल्य सुझाव सहित संस्थाले तय गरेको सम्पूर्ण कार्यक्रमहरु सफल कार्यान्वयनको लागि सहयोगको अपेक्षा गर्दै आउँदो विजया दशमी तथा शुभ दीपावली २०८२, नेपाल सम्वत् ११४६ एवम् छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यहाँहरुबाट विदा हुन चाहन्छु।

*धन्यवाद*

*जय सहकारी, जय ग्रामीण !*

# हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दिपावली २०८२ सालको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्यज्युहरु, शूभचिन्तक तथा सम्पूर्ण सल्यान जिल्लावासी, दाजुभाई तथा दिदीबहिनीहरुमा सूख, शान्ति, सम्वृद्धि एवम् सु-स्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लक्ष्मण कुमार राई
अध्यक्ष
तथा
**ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
शारदा नगरपालिका वडा नं. २, खलंगा, सल्यान

## संचालक समितिका तर्फबाट आ.ब.२०८१/०८२ को वार्षिक प्रतिवेदन तथा आगामी वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेट

**श्रीकान्त राई**
सचिव

सल्यान जिल्लामा २०५१ सालमा स्थापना भएको ग्रामीण बचत तथा ऋण सहकारी संस्थाको यस गरिमामय ३१ औ बार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु एवं यस वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरु, संचालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन टक्र्याउँदछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

संचालक समितिले गत आ.व.मा प्रस्तुत गरेका कार्यक्रम तथा बजेटको उपलब्धि बारेमा समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **बैठक** : आ.व.२०८१/०८२ मा समिति, उप समिति तथा कार्यदलको बैठक देहाय बमोजिम बसेको छ ।

| सि.नं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १. | संचालक समिति | १६ पटक |
| २. | लेखा सुपरिवेक्षण समिति | ४ पटक |
| ३. | ऋण उप-समिति | ३४ पटक |
| ४. | शिक्षा उप-समिति | ३ पटक |
| ५. | एक्सेस कार्यदल | १२ पटक |
| ६. | महिला उप-समिति | १ पटक |
| ७. | जोखिम कार्यदल | २ पटक |
| ८. | व्यवस्थापन समूह | १२ पटक |
| ९. | सेवाकेन्द्र सन्चालन तथा व्यवस्थापन उपसमिति | ३ पटक |
| १०. | अन्य बैठक | २ पटक |

२. **सदस्यता**

| सि. नं. | विवरण | गत वर्षको कायम सदस्य संख्या | यस वर्षको वृद्धि | यस वर्षमा सदस्यता छोडेको | कायम सदस्य संख्या |
|---|---|---|---|---|---|
| १. | क) महिला | १२६९ जना | १४२ जना | ५१ जना | १३६० जना |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ख) पुरुष | ११११२ जना | ८७ जना | ५९ जना | ११४० जना |
| ३. | ग) अन्य | १ जना | ० जना | ० | १ जना |
| | **कुल सदस्य संख्या** | **२३८२ जना** | **२२९ जना** | **११० जना** | **२५०१ जना** |

## ३) गत आ.व.२०८१/०८२ मा सम्पन्न कार्यक्रमहरु :

**क) विस्तारित मञ्चः** संस्थाले आ.ब.२०८१/०८२ मा जम्मा ४ पटक सञ्चालन गरेर ५१० जनाको सहभागितामा विस्तारित मञ्च कार्यक्रम सम्पन्न गरियो ।

**ख) सहकारी शिक्षा तथा वित्तीय साक्षरता :** संस्थाले आ.ब.२०८१/०८२ मा संस्थाका नयाँ बनेका सदस्यहरुलाई जम्मा २ पटक सञ्चालन गरेर ५८ जना र शिवजन मा.वि.शा.न.पा.वडा नं.१२ मुलडाडा सल्यानका कक्षा ८ देखि १० सम्मका अध्ययनरत ५२ जना विद्यार्थीहरुलाई सहकारी शिक्षा तथा वित्तीय साक्षरता प्रदान गरियो ।

**ग) प्रविधि तथा वित्तीय साक्षरता कार्यक्रम :** संस्थाले आ.ब.२०८१/०८२ मा जम्मा ३ पटक सञ्चालन गरेर ७५ जनालाई प्रविधि तथा वित्तीय साक्षरता प्रदान गरियो ।

**घ) सीप विकास तालिम :** उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मार्फत सीप विकास तालिम अन्तर्गत घरायसी सजावटका सामाग्री (गुडिया) बनाउने १५ दिने तालिममा यस संस्थाका ६ जना महिला (दलित) शेयर सदस्यलाई सहभागी गराएको ।

**ङ) उद्यमसिलता विकास कार्यक्रम :**

- उद्यमसिलता विकास कार्यक्रम अन्तर्गत संस्थाको आयोजना र करदाता सेवा कार्यालय श्रीनगर सल्यानको प्राविधिक सहयोगमा कर परामर्श अभिमुखीकरण सन्चालन गरी १७ जनाको सहभागी रहेको ।
- पशु अस्तपताल तथा पशु सेवा कार्यालय मार्फत उद्यमशिलता तालिम अन्तर्गत ३ दिने कुखुरा पालन तालिममा २ जना र भेडा/बाख्रा पालन तालिममा १ जना सहभागी गराएको ।

**च) सुत्केरी सम्मान कार्यक्रम :** संस्थाले आ.व.२०८१/०८२ मा जम्मा २१ जना सुत्केरी महिला शेयर सदस्यहरुसँग भेटघाट गरी बधाई तथा शुभकामना प्रदान गरियो ।

**छ) दशै मिलन तथा शुभकामना आदान प्रदान :** संस्थाले आ.व.२०८१/०८२ मा शुभदिपावली र छठ पर्व २०८१ साथै नव वर्ष २०८२ सालको अवसरमा शुभकामना आदान प्रदान (२) वटा कार्यक्रम सम्पन्न गरेको अवगत गराउँदछु ।

**ज) दिवस सम्बन्धमा :**

**स्थापना दिवस** : संस्थाको ३० औं स्थापना दिवस भव्य रुपमा मनाउने सन्दर्भमा मिति २०८१।१०।२८ गतेका दिन संस्थाको केन्द्र र सेवाकेन्द्रमा पहिलो आर्थिक कारोबार गर्न आउने सदस्यलाई दोसल्ला ओढाई सम्मान गर्नुको साथै ७ जना जेष्ठ नागरिक सदस्यलाई सम्मान गरियो । सो अवसरमा ७० जनाको उपस्थिति रहेको थियो ।

**झ) राष्ट्रिय सहकारी दिवस :**

संस्थाले मिति २०८१।१२।२० गतेका दिन जिल्ला अस्पताल सल्यानका बिरामीहरुलाई फलफुल वितरण गरी ६८ औं राष्ट्रिय सहकारी दिवस मनाईयो ।

ञ) **मृत्यु राहत वितरण** : आ.व.२०८१/०८२ मा यस संस्थामा आवद्ध देहाय बमोजिमका ७ जना शेयर सदस्यहरुको मृत्यु भएकोले संस्थाको मृत्यु राहत कोष तथा क्यान्सर रोग पीडित कोष नीति २०७९ बमोजिम निजहरुको परिवारलाई राहत उपलब्ध गराईयो ।

**तपसिल**

| **क्र.सं.** | **सदस्यता नं.** | **नाम, थर** | **ठेगाना** |
|---|---|---|---|
| १. | १४६४ | टेक बहादुर विष्ट | शा.न.पा.४ सल्यान |
| २. | १५४८ | शमसेर ब.खान | शा.न.पा.२ सल्यान |
| ३. | १३४० | हरिकला वली | शा.न.पा.२ सल्यान |
| ४. | ९२५ | गोमा कुमारी खत्री | शा.न.पा.२ सल्यान |
| ५. | १७४७ | निर्मला खत्री | शा.न.पा.२ सल्यान |
| ६. | ३६४ | पदम कुमारी थापा | शा.न.पा.२ सल्यान |
| ७. | ८९९ | गंगाराम विष्ट | शा.न.पा.२ सल्यान |

ट) **क्यान्सर रोग पीडित राहत वितरण** : संस्थाले आ.व.२०८१/०८२ मा यस संस्थाका शेयर सदस्य नं. ७९३ को श्री पिमा खान, सदस्य नं. १२७१ को श्री डब्बु श्रेष्ठ र सदस्य नं.१६९२ को श्री सन्जय के.सी.लाई क्यान्सर रोग पीडित सम्बन्धी राहत सहायता उपलब्ध गराईएको व्यहोरा अवगत गराउँदछु ।

ठ) **सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत संस्थाले विभिन्न मिति, समय र स्थानमा देहाय बमोजिमको कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरेको थियो ।

- **मठमन्दिर सरसफाई कार्यक्रम** : संस्कृति संरक्षणमा टेवा पुऱ्याउनका लागि मिति

२०८१।०६।१९ गते शनिबारका दिन शा.न.पा.२ गणेश मन्दिर र मिति २०८१।०७।१० गते शा.न.पा.२ कालिका मन्दिरक्षेत्र सरसफाई गरियो ।

- **आँखा जाँच कार्यक्रम** : महेन्द्र रत्न मा.वि.शा.न.पा.४ पिपलनेटा र श्री त्रिभुवन जनता मा.वि.शा.न.पा.८ मार्के सल्यानमा कक्षा ८ देखि १२ सम्म अध्ययनरत छात्र छात्राहरुको आँखा जाँच सञ्चालन गरी ३१० जनालाई सेवा प्रदान गरियो ।

- **डस्टविन वितरण** : मिति २०८१।१०।२५ मा शिव मा.वि.शा.न.पा.१२ मुलडाडा, शा.न.पा.१ श्रीनगर कृष्ण मन्दिर र मिति २०८१।१०।२७ शा.न.पा.११ खैरावाङ्ग भगवती मन्दिर, शा.न.पा.३ भद्रकाली मन्दिर साथै श्री त्रि.ज.मा.वि, लुहापिङ्ग सल्यानमा (प्रति स्थान १ थान) डस्टविन प्रदान गरियो ।

ड) **सूचना प्रविधि** : संस्थालाई सूचना प्रविधि मैत्री बनाउन र संस्थाको विद्युतीय तथ्यांकहरुलाई सुरक्षित तरिकाले प्रयोग गर्नका लागि संस्थाले प्रयोग गर्दै आएको सफ्टवयर क्लाउड होस्टीङ, मोबाईल बैकिङ्ग र एस.एम.एस सेवालाई निरन्तरता प्रदान गरिएको छ । सदस्यहरुको सेवालाई मध्यनजर गर्दै काउन्टरमा क्यु आर कोड मार्फत भुक्तानी लिने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

**४) शेयर रकम बृद्धि सम्बन्धमा :**

आ.व. २०८०/०८१ मा कुल शेयर पूँजी रु. २,९४,१५,८००। रहेकोमा २०८२ आषाढ मसान्त सम्म रु.२२,७४,३००। वृद्धि भई रु.३,१६,९०,१००। पुगेको जानकारी गराउँछु ।

**५) तालिम/गोष्ठी :**

यस संस्थाबाट आ.व.२०८१।०८२ मा विभिन्न तालिम तथा गोष्ठीहरुमा संस्थाका संचालक, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीहरुलाई सहभागी गराईएको थियो ।

| क्र.सं. | कार्यक्रमको नाम | सहभागी संख्या | मिति देखि सम्म |
|---|---|---|---|
| १. | नेफ्स्कुनको ३७ औं स्थापना दिवस (काठमाण्डौ) | १ जना | २०८१ श्रावण ३२ गते |
| २. | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्याशाला (बुटवल) | ३ जना | २०८१ श्रावण १९ गते |
| ३. | सहकारीका साझा सवालहरुलाई कार्यान्वयनका लागि सचेतना कार्यक्रम (वीरेन्द्रनगर सुर्खेत ) | १ जना | २०८१ कात्तिक ८ गते |

| | | | |
|---|---|---|---|
| ४. | राष्ट्रिय सहकारी बैंक लि.को २१ औं वार्षिक साधारण सभा र सम्मान ग्रहणका लागि (वीरेन्द्रनगर, सुर्खेत) | ५ जना | २०८१ मंसिर २९ गते |
| ५. | नेफ्स्कुनको ३३ औं वार्षिक साधारण सभा तथा नेफ्स्कुन प्रदेशस्तरीय उत्कृष्ट साकोस (बुटवल) | २ जना | २०८१ पौष ५ र ६ गते |
| ६. | स्थिरीकरण कोषको तेश्रो वार्षिक परामर्श बैठक (काठमाण्डौ) | १ जना | २०८१ पौष १९ |
| ७. | सहकारी पशिक्षक पशिक्षण तालिम (वीरेन्द्रनगर सुर्खेत) | १ जना | २०८१ फाल्गुण २२ देखि २८ गते सम्म |
| ८. | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्याशाला (काठमाण्डौ ) | २ जना | २०८१ माघ १८ र १९ गते |
| ९. | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्याशाला (काठमाण्डौ ) | २ जना | २०८२ बैशाख १९ र २० गते |
| १०. | प्रदेश स्तरीय साकोस गोष्ठी (नेपालगन्ज) | १ जना | २०८२ बैशाख ३१ |
| ११. | कर्णाली प्रदेश स्तरीय सहकारी अभियानको गुणात्मक विकास र विस्तारका लागि अभिमुखीकरण कार्यक्रम (वीरेन्द्रनगर, सुर्खेत) | १ जना | २०८२ जेठ २१ गते |
| १२. | सहकारी लेखा व्यवस्थापन तालिम (वीरेन्द्रनगर, सुर्खेत) | १ जना | २०८२ असार ४ देखि १० गते सम्म |
| १३. | वार्षिक जोखिम व्यवस्थापन कार्याशाला (काठमाण्डौ) | १ जना | २०८२ असार १९ गते |

६. **बिमा :**

**क) दुर्घटना बिमा :**

हरेक वर्षमा संस्थामा कायम रहेका नियमित शेयर सदस्यहरुको दुर्घटना जोखिमलाई ख्याल गरी मिति २०८१।०६।२२ गते सम्म संस्थामा आवद्ध २३९७ जना शेयर सदस्यहरुको रु.१ लाख, कर्मचारीहरुको रु.७ लाख, संचालक समिति र लेखा सुपरिवेक्षण समिति सदस्यहरुको रु.७ लाख बराबरको दुर्घटना बिमा गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**ख) नगद काउन्टर, मार्गस्थ र भल्ट बिमा** : यस संस्थामा रहेको नगद रकमको जोखिम न्यूनीकरण गर्नका लागि रु. ५ लाख रुपैयाँ बराबरको बिमांक रकमको नगद काउन्टर बिमा, संस्था देखि कारोबार गर्ने बैंक सम्म (मार्गस्थ) रु. २ करोड रुपैयाँ बिमांक रकमको मार्गस्थ बिमा, रु.५ लाख

रुपैया बीमांक रकमको भल्ट बिमा साथै श्रीनगर सेवा केन्द्रको रु.२,५०,०००। अक्षेरुपी दुई लाख, पचास हजार रुपैया बिमांक रकम बराबरको नगद काउन्टर बिमा गरिएको छ।

ग) **भवन र भवनभित्र रहेका फर्निचर तथा उपकरणहरुको बिमा** : संस्थाको सम्पत्ति सुरक्षणको जोखिम न्यूनीकरण गर्नका लागि संस्थाको भवन र भवनभित्र रहेका फर्निचर तथा उपकरणहरुको रु.५० लाख रुपैया बिमांक रकम बराबरको बिमा गरिएको छ।

घ) **ऋणी तथा धितो बिमा** : संस्थाले सदस्यहरुलाई लगानी गरेको ऋण सुरक्षाको लागि र जोखिम न्यूनीकरण गर्न ऋणी तथा धितोको बिमा गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

७. **ब्याज दर परिवर्तन सम्बन्धमा** : ३० औं वार्षिक साधारण सभाले संचालक समितिलाई दिएको अख्तियार प्रयोग गर्दै संस्थाले आफ्नो सेवा क्षेत्र भित्रको ब्याज दरको विश्लेषण र संस्थाको तरलताको अध्ययन गरी लिने र दिने ब्याज दरमा परिवर्तन गर्ने गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु।

८. **विविधः**

- **शैक्षिक पुरस्कार** : संस्थाको प्रोत्साहन नीति निर्देशिका २०७९ संशोधन २०८० बमोजिम गत वर्ष संस्थामा आबद्ध नियमित बाल बचतकर्ता मध्यमा कक्षा १ देखि १० (एस.ई.ई.) परीक्षामा तथा बाल बचतकर्ता वा शेयर सदस्य बनेका शेयर सदस्यहरु मध्यमा कक्षा ११ र १२ को परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गरेका विद्यार्थीहरुलाई देहाय बमोजिमका सामुदायिक विद्यालय र संस्थागत विद्यालय तर्फका विद्यार्थीहरुलाई शैक्षिक पुरस्कार प्रदान गरिएको थियो।

**सामुदायिक विद्यालयतर्फ**

| क्र. सं. | छात्र/छात्राको नाम | लिङ्ग | कक्षा | जि.पि.ए./ प्रतिशत | अभिभावकको नाम | विद्यालयको नाम |
|---|---|---|---|---|---|---|
| १. | कासिस शाह | म. | २ | ३.९४ | रुपक शाह | श्री त्रि. ज. मा. वि., लुहापिङ्ग |
| २. | सृष्टि भण्डारी | म. | ६ | ३.६० | शारदा राना | श्री त्रि. ज. मा. वि., लुहापिङ्ग |
| ३. | निर्दोष वि.क. | पु. | ८ | ३.४६ | सरिता विश्वकर्मा | श्री त्रि. ज. मा. वि., लुहापिङ्ग |

**संस्थागत विद्यालयतर्फ**

| क्र.सं. | छात्र/छात्राको नाम | लिङ्ग | कक्षा | जि.पि.ए./प्रतिशत | अभिभावकको नाम | विद्यालयको नाम |
|---|---|---|---|---|---|---|
| १. | दिप्ती श्रेष्ठ | म. | १ | ४.०० | माया सिंह प्रधान | राजविद्या पाठशाला |
| २. | संस्कृति शर्मा | म. | १ | ४.०० | पूर्ण चन्द्र शर्मा | एम.एम. एकेडेमी |
| ३. | समियल रौले | पु. | ३ | ३.९७ | मेघ बहादुर रौले | जनज्योती पब्लिक हाईस्कुल |
| ४. | अक्षता शर्मा | म. | ४ | ४.०० | पूर्ण चन्द्र शर्मा | एम.एम. एकेडेमी |
| ५. | रोबिशन कुमार शाक्य | पु. | ५ | ४.०० | रोशन कुमार शाक्य | जनज्योति विद्या मन्दिर |
| ६. | संगीत रौले | पु. | ६ | ३.८९ | मेघ बहादुर रौले | जनज्योती पब्लिक हाईस्कुल |
| ७. | समिक्षा के.सी. | म. | ७ | ४.०० | कल्पना विष्ट खत्री | एम.एम. एकेडेमी |
| ८. | सरस्वती के.सी. | म. | ७ | ४.०० | गोविन्द के.सी. | ज्योतिपुञ्ज एकेडेमी |
| ९. | रिजुश्री शाक्य | म. | ८ | ३.९१ | रोजिन कुमार शाक्य | दिपशिखा से.बो. स्कूल |
| १०. | संगीता रौले | म. | ९ | ३.८६ | मेघ बहादुर रौले | जनज्योती पब्लिक हाईस्कुल |
| ११. | गंगा बुढाथोकी | म. | १० | ३.७९ | राज कुमार बुढाथोकी | एम.एम. एकेडेमी |
| १२. | रोशन वली | पु. | १२ | ३.३७ | खडानन्द वली | ओमेगा ईन्टरनेशनल सेकेण्डरी स्कुल |

**संस्थाको प्रोत्साहन नीति निर्देशिका २०७९ संशोधन २०८० नीति बमोजिम आ.व. २०८०/०८१ को उत्कृष्ट बचतकर्ता, शेयरकर्ता र ऋण उपभोगकर्ता**

| क्र.सं. | स.नं. | नाम, थर | ठेगाना | विवरण |
|---|---|---|---|---|
| १. | ३९८ | जोनी सिंह | शारदा न.पा.-२,सल्यान | उत्कृष्ट बचतकर्ता |
| २. | २१४१ | खिमा पाण्डे | शारदा न.पा.-१, सल्यान | उत्कृष्ट शेयर खरिदकर्ता |
| ३. | १८४ | अमर सिंह रावत | शारदा न.पा.-२, सल्यान | उत्कृष्ट ऋण उपभोककर्ता |

**वर्षको उत्कृष्ट कर्मचारी** : संस्थाको प्रोत्साहन नीति निर्देशिका २०७९ संशोधन २०८० नीति बमोजिम संस्थाका ऋण सहायक श्री नितेश कुमार श्रेष्ठलाई आ.व. २०८०/०८१ को उत्कृष्ट कर्मचारीको रुपमा छनौट गरी कदर पत्र सहित पुरस्कृत गरिएको थियो ।

**जेष्ठ नागरिक सदस्य सम्मान** :

| क्र.सं. | स.नं. | नाम, थर | ठेगाना |
|---|---|---|---|
| १. | १८ | भागीराम बस्नेत | शा.न.पा.-२, सल्यान |
| २. | १९९ | पद्मा श्रेष्ठ | शा.न.पा.-२, सल्यान |
| ३. | २१८ | गणेश कुमार श्रेष्ठ | शा.न.पा.-२, सल्यान |
| ४. | २३२ | उत्तरा कुमारी विष्ट | शा.न.पा.-३, सल्यान |
| ५. | २०८९ | तुल्सा देवी डाँगी | शा.न.पा.-२, सल्यान |
| ६. | २०९४ | कमला शर्मा | शा.न.पा.-२, सल्यान |
| ७. | २५७१ | प्रेम कुमारी विष्ट | शा.न.पा.-३, सल्यान |

**सुझाव/गुनासो सम्बोधन सम्बन्धमा** : लेखा सुपरिवेक्षण समिति, एक्सेस तथा प्रोवेशन कार्यक्रमको स्थलगत निरीक्षणको क्रममा औल्याईएका सुझाव, जोखिम व्यवस्थापन कार्यदल, एक्सेस कार्यदलले पेश गरेको प्रतिवेदनमा उल्लेखित सुझावहरु र शेयर सदस्यज्यूहरुले सुझाव पुस्तिका, गुनासो तथा सुझाव पेटीका मार्फत दिनु भएका सुझावहरुलाई सम्बोधन गर्ने गरिएको छ ।

**सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा** :

आ.व.२०८१।०८२ मा संस्था संचालनका क्रममा हाल सम्म भएका सबै निर्णयहरु तथा गतिविधिहरु समेत आजको यस सम्मानित साधारण सभाबाट अनुमोदन गर्ने ।

**आदरणीय शेयर सदस्यज्यूहरु !**

आ.ब.२०८१।०८२ मा संस्थाले सम्पन्न गरेका माथि उल्लेखित क्रियाकलापहरुको जानकारी गराउँदै अनुमोदनका लागि अनुरोध गर्दछु । आ.व. २०८२/०८३ मा गरिने तपशिलमा उल्लेख गरिएका प्रस्तावित क्रियाक(लापहरु प्रस्तुत गर्दछु ।

**लेखा परिक्षण प्रतिवेदन** :

संस्थाको आ.व.२०८१।०८२ को आय व्यय लेखा परिक्षक श्री उपेन्द्र क्षेत्री एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स सदस्यता नं.१७८५, पेशागत प्रमाणपत्र नं.१२२० का श्री उपेन्द्र बुढा क्षेत्रीबाट परिक्षण भई पेश भएको लेखा परिक्षण प्रतिवेदन अनुमोदनका लागि पेश गरेको छु ।

**वार्षिक कार्यक्रम तथा बजेट** : संचालक समितिले तयार गरेको आ.व.२०८२।०८३ को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिका लागि पेश गरेको छु।

**सदस्यता वृद्धि** : आ.ब.२०८२।०८३ को अन्त्य सम्ममा कुल सदस्य संख्या २७६६ जना पुऱ्याउने लक्ष लिईएको छ ।

**विस्तारित मञ्च** : आ.व. २०८२।०८३ मा ४ वटा विस्तारित मञ्च संचालन गर्ने लक्ष लिईएको छ।

**प्रविधि तथा वित्तीय साक्षरता तालिम** : आ.ब. २०८२।०८३ मा २ वटा प्रविधि तथा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने लक्ष लिईएको छ।

**वित्तीय साक्षरता तथा सहकारी सदस्य शिक्षा तालिम** : आ.व. २०८२।०८३ मा ३ वटा वित्तीय साक्षरता तथा सहकारी सदस्य शिक्षा तालिम संचालन गर्ने लक्ष लिईएको छ।

**उद्यमशिलता विकास तालिम** : आ.ब. २०८२।०८३ मा २ वटा उद्यमशिलता विकास तालिम संचालन गर्ने लक्ष लिईएको छ।

**सीप विकास तालिम** : आ.ब. २०८२।०८३ मा १ वटा सीप विकास तालिम संचालन गर्ने लक्ष लिईएको छ।

**क्षमता अभिवृद्धि तालिम** :
आ.ब.२०८२।०८३ मा संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति लगा( एत कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा निरन्तर सिकाईका लागि समय सापेक्ष तालिमहरुमा सहभागिता गराईनुका साथै आयोजना समेत गरिनेछ।

**सुत्केरी भेटघाट कार्यक्रम** :
यस आ.व. मा पनि सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**दशै मिलन तथा शुभकामना आदान प्रदान कार्यक्रम** :
यस आ.ब.मा पनि दशै मिलन तथा शुभकामना आदान प्रदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**पुरस्कार एंव मान सम्मान कार्यक्रम** :
संस्थाको गरिमा बढाउने कार्यमा सहयोग गर्ने जेष्ठ नागरिक शेयर सदस्य, शेयर सदस्य, बाल बचतकर्ता र व्यवस्थापनमा रही कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**बीमा** :
**दुर्घटना बीमा** : सदस्यहरुको दुर्घटना बीमा कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिईनेछ।

**ऋणी तथा धितो बीमा** : संस्थाले सदस्यहरुलाई लगानी गरेको ऋण सुरक्षाको लागि जोखिम न्यूनीकरण गर्न ऋणी तथा धितोको विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**भवन र भवनभित्र रहेका फर्निचर तथा उपकरणहरुको बीमा** : संस्थाको सम्पत्ति सुरक्षणको लागि जोखिम न्यूनीकरण गर्न संस्थाको भवन र भवनभित्र रहेका फर्निचर तथा उपकरणहरुको को बीमालाई निरन्तरता दिईनेछ।

**सामाजिक उत्तरदायित्व** :

सामाजिक उत्तरदायित्व क्रियाकलाप अन्तर्गत गत वर्ष जस्तै यस आ.ब.२०८२।०८३ मा कम्तीमा ३ वटा कार्यक्रम संचालन गरिनेछ।

**कार्यालय व्यवस्थापन** :

समय सापेक्ष सदस्यमैत्री एंव सुशासनयुक्त कार्यालय व्यवस्थापन सम्बन्धी कार्यलाई प्राथमिकता दिईनेछ।

**सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन सम्बन्धमा** :

आवश्यकता अनुसार विभिन्न समयमा बजारको वित्तीय विश्लेषण गरी बचत र ऋणको व्याजदर परिवर्तन, समयावधि, बचत तथा ऋण सेवाको उत्पादन र वार्षिक कार्ययोजना सम्पन्न गर्न स्वीकृत बजेटको परिधिभित्र र ही खर्च गर्ने र संस्थाको हित अनुकुलका अन्य सबै कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने साथै यसरी कार्यान्वयनमा आएका सबै गतिविधिहरु आगामी साधारण सभामा अनुमोदनका लागि पेश गर्ने प्रस्ताव गर्दछु।

**लेखा परीक्षक नियुक्ति सम्बन्धमा** :

संस्थाले आर्थिक वर्ष २०८२।०८३ को NFRS FOR SME अनुसारको अन्तिम लेखा परिक्षण गर्नका लागि मिति २०८२।०४।१४ मा गरिएको सूचना आब्हान बमोजिम देहाय अनुसारका लेखा परिक्षकहरुको आफ्नो पारिश्रमिक सहितको निवेदन प्राप्त भयो।

| क्र. सं. | नाम, थर | फर्मको नाम | लेखापरिक्षण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | सि.ए.विनय फुयाल | पि विनय एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स | १,००,०००। | यातायात, बसोबास तथा खानाखाजा खर्च र मूल्य अभिबृद्धि कर बाहेक |
| २. | सि.ए.विशाल बराल | विशाल एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स | १,५०,०००। | मूल्य अभिबृद्धि कर बाहेक |
| ३. | सि.ए.योगश न्यौपाने | न्यौपाने वाई एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स | १,१८,६५०। | यातायात, बसोबास तथा खानाखाजा खर्च बाहेक र मूल्य अभिबृद्धि कर समेत |
| ४. | सि.ए.उपेन्द्र बुढा क्षेत्री | उपेन्द्र क्षेत्री एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स | १,१३,०००। | यातायात, बसोबास तथा खानाखाजा खर्च र मूल्य अभिबृद्धि कर समेत |

उपर्युक्त तालिका अध्ययन गर्दा सबै भन्दा कम पारिश्रमिक स्वीकार गर्ने उपेन्द्र क्षेत्री एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई पहिलो प्राथमिकता, पि विनय एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई दोश्रो प्राथमिकता र न्यौपाने वाई एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई तेश्रो प्राथमिकतामा राखी लेखा परिक्षकको रुपमा सुचिकृत गरि तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउने गरी लेखा परिक्षक नियुक्त गर्न प्रस्ताव गर्दछु।

**जोखिम विश्लेषण प्रतिवेदन सम्बन्धमा :**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागद्धारा मिति २०७९।०२।१२ मा सहकारी संघ संस्थामा सुशासन प्रबर्द्धनको लागि जारी गरेको एकिकृत निर्देशन २०७९ अनुसार ऋण उपसमितिले संचालक समिति समक्ष पेश गरेको ऋण लगानी जोखिम विश्लेषणको प्रतिवेदन प्रस्तुत गर्दछु।

१. हालसम्म ऋण लगानी रकम रु.२१,०४,३६,८६८।७०

२. कूल ऋणमा भाखा नाघेको ऋणको अनुपात रु. (२.१२ प्रतिशत) र देहाय बमोजिम ऋण सुरक्षणको व्यवस्था गरिएको छ।

**असल** : रु.२०,८०,६९,७३५।४४ व्यवस्था : रु.२०,८०,६९७।४२

**कमसल** : (९० देखि १८० दिन) : रु.२,५३,१८७।५७ व्यवस्था : रु.६३,२९६।८९

**शंकास्पद** :(१८१ देखि ३६५ दिन) रु. ० व्यवस्था : रु.०

**खराब** :(१ वर्ष भन्दा माथि):रु. २१,१३,९४५।६९ व्यवस्था : रु. रु.२१,१३,९४५।६९

३. **ऋणीको कूल संख्या** : ६०० जना /ऋणको कुल संख्या : ६२३ जना

४. कूल सदस्य (२५०१) मा ऋणीको प्रतिशत वा अनुपात : २३.९९ प्रतिशत

५. औषत ऋण रकम रु.(कुल ऋणलाई ऋणीको संख्याले भाग गर्ने) रु.३,५०,७२८।११

६. **चार्ज अफ गरिएको विवरण**: गरिएको छैन् ।

७ **ऋणको क्षेत्रगत भारको अवस्था** :

- उत्पादनमुलक ऋणमा १९.०१ प्रतिशत
- अनुत्पादकमुलक ऋणमा ८०.९९ प्रतिशत

८. **समयको आधारमा ऋण** :

- **अल्पकालीन ऋण** : रु.१५,८३,०७७।६४ मध्यकालीन ऋण : रु.४,१०,५९,९७३।५९
- **लामो अवधिको ऋण** : रु. १६,७७,९३,८१७।४७

९. **बचत जमानी, हायर पर्चेज धितो र घर जग्गा धितोको आधारमा ऋण** :

- बचत जमानतको आधारमा ऋण रु.४,९५,३३,२०७।४०
- घर जग्गा धितोको आधारमा ऋण रु.१५,८७,४४,३०९।४३
- हायर पर्चेज धितो (लागतको ६० प्रतिशत संस्थाबाट लगानी) रु.२१,५९,३५१।८७

१०. **ऋण असुली सम्बन्धमा** : ऋण आन्तरिक कार्यविधि बमोजिम सदस्यहरुलाई एस.एम.एस, टेलीफोन, मौखिक जानकारी, प्रत्यक्ष भेटघाट वा पत्राचार मार्फत सूचना दिई असुली प्रक्रिया अगाडि बढाईएको ।

**प्रोवेशन (PROBATION) तथा एक्सेस (ACCESS) कार्यक्रममा सहभागिता** :

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कुन) द्वारा संचालित पूर्ण तथा व्यवसायिक विकास कार्यक्रम (प्रोवेशन) र एसियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोगमा सम्पन्न हुने एक्सेस (ACCESS) कार्यक्रममा संस्थाको सहभागिता हुनेछ ।

**बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा** :

संस्थाका लागि आफ्नो कारोबार संचालन गर्न पूँजीको आवश्यक परेमा नियमानुसार बाह्य दायित्व स्वीकार गरी सदस्यलाई सेवा पुऱ्याउन देहायका निकायबाट दायित्व स्वीकार गर्ने ।

(क) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कुन)

(ख) राष्ट्रिय सहकारी बैक लि.

**सम्पत्ति शुद्धिकरण तथा कोपोमिस पालना सम्बन्धमा :**

संस्थामा हुने आर्थिक कारोबार तथा अन्य गतिविधिहरुको बारेमा नियमानुसार सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने गरेको साथै भूमि व्यवस्था तथा गरिवी निबारण मन्त्रालयले संचालन गरेको कोपोमिस प्रणालीमा संस्थाको समष्टिगत विवरण प्रविष्टी गर्ने कार्यलाई निरन्तरता दिने प्रस्ताव गर्दछु ।

**संचालक तथा व्यवस्थापन प्रमुखको पारिश्रमिक तथा सुविधा तोक्ने सम्बन्धमा :**

देहाय बमोजिम गत वर्षकै मासिक पारिश्रमिक तथा सुविधा कायम गर्ने ।

६.१. **पारिश्रमिक** : सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको कुनै पनि पदाधिकारी एवम् सदस्यहरुले नियमित पारिश्रमिक नलिने ।

६.२. **भत्ता :** सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई आकस्मिक बैठक बाहेक बैठक भत्ता प्रति व्यक्ति रु.१५००। (कर समेत)

६.३. **अन्य सुविधाहरु :**

(क) संस्थाले सञ्चालक समिति (सचिव)लाई नियमित मासिक रुपमा संचार वापत रु.५००। खाजा खर्च वापत रु.१५००। गरी जम्मा रु.२०००।

(ख) उपसमिति एवम् कार्यदलहरुको बैठक भत्ता प्रति व्यक्ति रु.१५००।(कर समेत)

(ग) ऋण उपसमितिको बैठक भत्ता प्रति व्यक्ति रु.५००। (कर समेत)

**व्यवस्थापन प्रमुख (प्रबन्धक)** : देहाय बमोजिम भएको गत वर्षकै मासिक पारिश्रमिक तथा सुविधा कायम गर्ने ।

| **विवरण** | **रकम** |
|---|---|
| तलब तलब/ग्रेड/हितकोष/सन्चय कोष (मासिक) | ६६४०५। |
| औषधिउपचार/महंगी (मासिक) | ६६११। |
| पोशाक भत्ता (वार्षिक) | १०,०००। |
| दशै खर्च (वार्षिक) | ५५३३७। |
| बोनस रकम | नियमानुसार |

माथिका उल्लेखित पारिश्रमिक तथा सुविधा मध्ये मिति २०८२ श्रावण देखि लागु हुने गरी संस्थाका अन्य कर्मचारीहरु सरह प्रबन्धकको महंगी भत्ता रु.२०००। मा रु.३०००। थप गरी रु.५०००। गर्ने प्रस्ताव गर्दछु ।

**वार्षिक साधारण सभाको मिति तोक्ने सम्बन्धमा :**

यस संस्थाको ३१ औं वार्षिक साधारण सभा मिति २०८३ साल असोज महिनाको ... गते देखि ... गते सम्म सम्पन्न गर्ने प्रस्ताव गर्दछु ।

**मृत्यु राहत तथा क्यान्सर रोग पीडित राहत वितरण कार्यक्रम :**
मृत्यु राहत, क्यान्सर रोग तथा मृगौला पीडितहरुलाई उपलब्ध गराईने सहायतालाई नीति बमोजिम निरन्तरता दिईनेछ ।

**नियामक निकायका कार्यक्रमहरुमा सहभागी हुने सम्बन्धमा :** सहकारी मन्त्रालय, सहकारी बिभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, शारदा नगरपालिका सल्यान, राष्ट्रिय सहकारी महासंघ, नेफस्कुन, जिल्ला सहकारी संघ तथा जिल्ला बचत तथा ऋण सहकारी संघबाट संचालन हुने कार्यक्रमहरुमा सहभागीता जनाउने प्रस्ताव गर्दछु ।

**शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण दर स्वीकृत सम्बन्धमा :**
यस संस्थाको आ.व.२०८१।०८२ को शेयर लाभांश र संरक्षित पूँजी फिता कोषमा जम्मा भएको रकम सहकारी नियमावली २०७५ दफा २५ को उपदफा ४, विनियमको दफा ५० र संचालक समितिको मिति २०८१।०५।२४ को बैठकको निर्णय ४ बमोजिम देहाय अनुसार लाभांश वितरण गर्न स्वीकृतका लागि प्रस्ताव गर्दछु ।

| क्र. सं. | बिवरण | आधार अंक | छुट्याइएको रकम | बितरण प्रतिशत |
|---|---|---|---|---|
| १. | शेयर लाभांश कोष | ३१६९०१००.०० | १४५२१११.०० | ४.५८ % |
| २. | संरक्षित पूँजी फिर्ता कोष (ऋणको ब्याज तर्फ) | २००१३४७६.७७ | ४१७६७३.०० / ६०% | २.०८ % |
| ३. | संरक्षित पूँजी फिर्ता कोष (बचतको ब्याज तर्फ ) | ८८४०३९८.१३ | २७८४४९.०० / ४०% | ३.१४% |

संस्थाको आर्थिक वर्ष समाप्त भई लेखा परीक्षण प्रतिवेदन साधारण सभामा प्रस्तुत नहुँदै संस्थाको सदस्यता त्याग गर्ने कुनै पनि सदस्यहरुले प्राप्त गर्नु पर्ने शेयर लाभांश कोष र संरक्षित पूँजी फिर्ता कोष वापतको रकम उपलब्ध नगराउने र सो रकम संस्थाको जगेडा कोषमा जम्मा गर्ने । यस संस्थाको आ.व.२०८१।०८२ को शेयर लाभांश कोष र संरक्षित पूँजी कोषमा जम्मा भएको लाभांश सम्बन्धित शेयर सदस्यहरुको साधारण बचत खातामा जम्मा गर्ने र संस्थाको शेयर पूँजी नियमानुसार वृद्धि गर्न १२७ कित्ता भन्दा कम शेयर कित्ता हुने सदस्यहरुको शेयर खातामा सो रकम बरावर प्रति कित्ता रु १००। ले हुन आउने कित्ता शेयर सम्बन्धित सदस्यको शेयर खातामा जम्मा गर्ने तर १२ महिना भन्दा बढी भाखा नाघेका सदस्यको हकमा ऋणमा लिएको व्याजको कारोबारमा लाभांश वितरण नगर्न स्वीकृतका लागि साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

**कर्मचारी बोनस** : यस संस्थाको संचालक समितिको मिति २०८२।०५।२४ मा बसेको बैठकको निर्णय नं. ५ बमोजिम आ.ब.२०८१।०८२ मा कर्मचारी बोनस कोषमा रहेको रकम विनियम २०५१ (२०७५ संशोधन) र मानव संशाधन व्यवस्थापन नीति कर्मचारी प्रशासन नियमावली २०७५(संशोधन २०७९) मा व्यवस्था भए बमोजिम नियमानुसार कार्यरत कर्मचारीहरुलाई वितरण गर्ने ।

**आन्तरिक नीति, निर्देशिका तथा कार्यविधि** :

संस्था सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न समयमा निर्माण भई कार्यान्वयनमा ल्याईएका विद्यमान नीति तथा आन्तरिक कार्यविधिहरु अनुसार कार्य गर्दै जाने र सञ्चालनमा रहेको नीति तथा आन्तरिक कार्यविधिहरु आवश्यकता अनुसार परिमार्जन गर्नका लागि संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गर्दछु ।

**विनियम संशोधन सम्बन्धमा** : यस संस्थामा रहेको विनियम २०५१ (२०७५ संशोधन) लाई समयानुकुल परिमार्जन गरी पुनरलेखन गर्नका लागि संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गर्दछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु** !

आ.ब. २०८१।०८२ मा संस्था सुचारु रुपमा संचालन गर्न र संस्था तथा सदस्यहरुको सर्वोपरी हितका लागि तपशिलमा उल्लेखित कार्यहरु गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न यस गरिमामय सभा समक्ष प्रस्ताव गर्दछु ।

**क) ब्याज दर परिमार्जन** :

सदस्यहरुको सम्पत्ति सुरक्षा गर्नका साथै संस्थालाई अन्य वित्तिय संघ संस्थाहरुसँग स्वस्थ प्रतिस्पर्धी बनाउन बजारको वित्तिय विश्लेषण गरी आवश्यकता अनुसार बचतमा ब्याजदर वृद्धि गरेको अवगत गराउछु साथै आवश्यकता अनुसार विभिन्न समयमा बजारको वित्तीय विश्लेषण गरी बचत र ऋणको लिने र दिने ब्याज दर अन्तर बढीमा ६ प्रतिशत कायम गरी साथै सन्दर्भ ब्याज दरलाई अनिवार्य रुपमा आधार मानि ब्याजदरहरु समय सापेक्ष परिवर्तन गर्नका लागि संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने साधारण सभा समक्ष प्रस्ताव गर्दछु ।

**ख) बचत तथा ऋण सेवा उत्पादन** :

साकोसको कुल पूँजी वृद्धिको लागि बचत तथा ऋण उत्पादन सेवाहरु बनाई लागु गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्न साधारण सभा समक्ष प्रस्ताव गर्दछु ।

**ग) बार्षिक कार्यक्रम तथा बजेट** :

यस संस्थाले २०८२।०८३ को लागि तयार गरेको कार्ययोजनालाई सम्पन्न गर्नका लागि अनुमानित बजेटबाट खर्च गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गर्दछु ।

**घ) संस्थाको ४ वर्षे रणनीतिक योजना निर्माण :**

संस्थाको स्वीकृत आ.व.२०८०/०८१ देखि २०८४/०८५ सम्मको ४ वर्षे रणनीतिक व्यवसायिक योजनालाई आगामी वार्षिक साधारण सभामा अनुमोदन गराउने गरी सोको समीक्षा गर्दै संशोधन गरी लागु गर्न समितिलाई अधिकार प्रत्यायोजन गर्न साधारण सभा समक्ष प्रस्ताव गर्दछु ।

आ.व. २०८२/०८३ मा गरिने माथि उल्लेखित प्रस्तावित क्रियाकलापहरु पारितका लागि अनुरोध गर्दछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु :**

यस वर्ष पनि सदस्यहरुको आवश्यकता अनुसारको बचत तथा ऋणको विविध गुणस्तरीय प्रस्तावित कार्यक्रमहरु उपर छलफल गरी आवश्यक सुझाव सहित अनुमोदन र पारित हुने कुरामा विश्वस्त हुँदै उपस्थित सम्पुर्ण व्यक्तित्वहरुमा नजिकै आएको बडा दशै तथा शुभ दिपावलीको हार्दिक मंगलमय शुभकामना टक्र्याउँदै विदा हुन चाहन्छु ।

धन्यवाद !

जय सहकारी

## कोषाध्यक्षको आर्थिक प्रतिवेदन

**विरेन्द्र कुमार राई**
कोषाध्यक्ष

ग्रामीण बचत तथा ऋण सहकारी संस्थाको गरिमामय ३१ औं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति एवम् विभिन्न उपसमिति, संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरु, व्यवस्थापन लगाएत सम्पूर्णमा न्यानो सहकारी अभिवादन प्रकट गर्दछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

यस गरिमामय ३१ औं वार्षिक साधारण सभामा संस्थाको आर्थिक विवरण पेश गर्न पाउँदा अत्यन्तै हर्षित भएको छु । यस संस्थाका सदस्यहरुलाई आफूले आर्जन गरेको आम्दानीबाट नियमित रुपले बचत गर्ने बानी बसाल्न उत्प्रेरित गरी संकलन भएको बचत रकमबाट आबश्यक भएका सदस्यहरुलाई सहकारी मूल्यको आधारमा प्राविधिक तथा सीपमुलक आय आर्जन कार्यक्रम लगायत अन्य आर्थिक संकट टार्न उचित व्याजदरमा कर्जा लगानी गरी सदस्यहरुको आर्थिक, सामाजिक, सास्कृतिक र भौतिक अबस्थामा सूधार ल्याउनु नै हो । यस संस्था आज यहाँसम्म आईपुग्दा यहाँहरुले गरेको निरन्तर माया र सहयोगको अतुलनीय योगदानको लागि म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

अब म संस्थाको आ.ब.२०८१।०८२ को वास्तविक वित्तीय अवस्था र सो को विश्लेषण सहितको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### क) वित्तीय स्रोत परिचालन

**१) तरलता व्यवस्थापन :**

आ.व.२०८०।०८१ को अन्त्यमा तरलता रकम रु.६,०२,८२,८४०।७७ अक्षरेपी छ करोड, दुई लाख, बयासी हजार, आठ सय, चालिस रुपैया सतहत्तर पैसा रहेकोमा आ.व.२०८१।०८२ को अन्त्यमा तरलता रकम रु.७,३९,९८,४८२।३३ अक्षरेपी सात करोड, उनन्चालिस लाख, अन्ठान्नब्बे हजार, चार सय, बयासी रुपैया त्यात्तीस पैसा रहेको छ । जुन कुल सम्पत्तिको अनुपातमा २३.४२ प्रतिशत र कुल बचत निक्षेपको अनुपातमा ३१.४२ प्रतिशत हुन आउँछ ।

**२) वित्तीय लगानी :**

संस्थाले यस आ.व.२०८१।०८२ मा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक लि., जिल्ला सहकारी संघ लि., जिल्ला बचत तथा ऋण सहकारी संघ लि.मा जम्मा शेयर लगानी रु.५१,५५,५००।००अक्षरेपी एकाउन्न लाख, पच्पन्न हजार, पाँच सय रुपैया लगानी गर्नुका साथै नियमित बचत र अनिवार्य बचत गरी जम्मा रु.२,४३,९६६।०० अक्षरेपी दुई लाख, त्रिचालिस हजार, नौ सय, छैसट्ठी रुपैया जम्मा गरेको छ भने उक्त

संघहरु, रा.स.बैं.लि.लगाएत ने.बै.लि.मा जम्मा रु.२,५८,०२,५००।०० अक्षरेपी दुई करोड, अन्ठाउन्न लाख, दुई हजार, पाँच सय रुपैया आवधिक र मुद्धती बचत गरी कुल रु.२,६०,४६,४६६।०० अक्षरेपी दुई करोड, साठी लाख, छ्यालिस हजार, चार सय छैसट्ठी रुपैया वित्तीय लगानी गरेको छ। जुन सम्पत्तिको अनुपातमा ८.२४ प्रतिशत हुन आउँछ।

**३) ऋण लगानी र लगानीको गुणस्तर :**

आ.व.२०८०।०८१ को अन्त्यमा रु.२०,५२,८४,९९९।९३ अक्षरेपी बीस करोड, बाउन्न लाख, चौरासी हजार, नौ सय, उनान्सय रुपैया, त्रियान्नब्बे पैसा बाँकी रहेकोमा आ.व.२०८१।०८२ मा रु.१०,७०,२९,८००। अक्षरेपी दश करोड, सहत्तरी लाख, उन्तीस हजार, आठ सय रुपैया थप लगानी र रु.१०,१८,७७,९३१।२३ अक्षरेपी दश करोड, अठार लाख, सतहत्तर हजार, नौ सय, एक्तीस रुपैया, त्याईस पैसा असुल भई रु.२१,०४,३६,८६८।७० अक्षरेपी एक्काईस करोड, चार लाख, छत्तीस हजार, आठ सय, अर्सट्ठी रुपैया सहत्तरी पैसा बाँकी रहेकोमा उक्त वर्षको लागि ऋण जोखिम व्यवस्थापन कोषमा थप रु.४२,५७,९४०। अक्षरेपी बयालिस लाख, सन्ताउन्न हजार, नौ सय, चालिस रुपैया व्यवस्था गरी खुद लगानीमा रहेको ऋण रु.२०,६१,७८,९२९।०० अक्षरेपी बिस करोड, एकसट्ठी लाख, अठहत्तर हजार, नौ सय, उन्तीस रुपैया बाँकी रहेको छ। कुल सम्पत्तिको अनुपातमा खुद लगानीमा रहेको ऋण ६५.२४ प्रतिशत कायम भएको छ। आ.व.२०८१।०८२ को अन्त्यमा कुल लगानीको तुलनामा भाखा नाघेको ऋणको अनुपात १.१२ प्रतिशत कायम भएको छ।

**४) चालु आ.व.को कर सम्पत्ति (अग्रिम कर):**

अग्रिम आयकर दाखिला अन्तर्गत आ.व.२०८०।०८१ को अन्त्य सम्ममा बाँकी रहेको अग्रिम कर रु.१७,२७,३७६।८७ अक्षरेपी सत्र लाख, सत्ताईस हजार, तिन सय, छ्याहत्तर रुपैया सतासी पैसामा सो ही वर्षको आयकर दायित्व रु.८,२९,२२८।५९अक्षरेपी आठ लाख, उन्तीस हजार, दुई सय, अट्ठाईस रुपैया उन्साठी पैसा समायोजन गरी बाँकी रु.८,९८,१४८।२८ अक्षरेपी आठ लाख, अन्ठान्नब्बे हजार, एक सय, अर्चालीस रुपैया अट्ठाईस पैसा बाकी रहेको छ। यस आ.व.२०८१।०८२ संस्थाले प्राप्त गर्ने आम्दानीहरुमा अग्रिम रुपमा कट्टी गरी दाखिला भएको कर रकम रु.४,४२,२७३।७२ अक्षरेपी चार लाख, बयालिस हजार, दुई सय, त्रिहत्तर रुपैया बहत्तर पैसा यसै आ.व.को आयकर मिलान अक्षरेपी ६,२०,१०९। अक्षरेपी छ लाख, बिस हजार, एक सय, नौ रुपैया समायोजन गरी आ.व.२०८१।०८२ को अन्त्यमा जम्मा अग्रिम कर रकम रु.७,२०,३१३। अक्षरेपी सात लाख, बिस हजार, तिन सय, तेह्र रुपैया बाँकी रहेको छ। संस्थाको कुल सम्पत्तिमा अग्रिम कर सम्पत्तिको हिस्सा ०.२३ प्रतिशत रहेको छ।

**५) अन्य चालु सम्पत्ति तथा धरौटी :**

आ.व.२०८१।०८२ मा चालु सम्पत्तिमा दुर्घटना बिमा, काउन्टर, भल्ट, मार्गस्थ बिमा र एक्सक्लुसिभ माईण्डसँग पाउनु पर्ने बाँकी रु.६९,३२२।५६ अक्षरेपी उनाहत्तर हजार, तिन सय, बाईस रुपैयाँ छपन्न पैसा,

वर्ल्डलिंकमा रु.५००। अक्षरेपी पाँच सय रुपैयाँ धरौटी र अन्य पाउनु पर्ने (कमिशन) रु.२,९७५। अक्षरेपी दुई हजार, नौ सय पचहत्तर रुपैयाँ बाँकी रहेको छ।

६) **सम्पत्ति तथा उपकरण :**

आ.व.२०८१।०८२ मा सम्पत्ति तथा उपकरण अन्तर्गत जग्गा, भवन तथा स्तम्भ, कार्यालय उपकरण, कम्प्यूटर तथा फर्निचर, मोटर साईकल, फायर प्रुफ दराज, सेफ भल्ट, अन्य स्थिर सम्पत्ति सामान खरिद र ह्रास कट्टी पश्चात जम्मा रकम रु.३६,७२,१३९। अक्षरेपी छत्तीस लाख, बहत्तर हजार, एक सय, उन्चालिस रुपैयाँ बाँकी रहेको छ। संस्थाको वित्तीय प्रतिवेदनमा यस वर्ष देखि NFRS for SME अनुसार हिसाब राखेको छ।

**ख) वित्तीय स्रोतहरु**

१) **बचत निक्षेप :**

आ.व.२०८०।०८१ मा यस संस्थाको कुल बचत निक्षेप रु.२१,७८,२५,९५६।६६ अक्षरेपी एक्काईस करोड, अठहत्तर लाख, पच्चीस हजार, नौ सय छपन्न रुपैयाँ छैसट्टी पैसा रहेकोमा आ.व.२०८१।०८२ मा रु.१,७६,५६,३९३।६३ अक्षरेपी एक करोड, छ्याहत्तर लाख, छपन्न हजार, तिन सय, त्रियान्नब्बे रुपैयाँ त्रिसट्ठी पैसा बचत जम्मा भई रु.२३,५४,८२,३५०।२९ अक्षरेपी त्याईस करोड, चाउन्न लाख, बयासी हजार, तिन सय, पचास रुपैया उन्तीस पैसा कायम हुन आएको छ। समीक्षा आ.व.मा अघिल्लो आ.व.को तुलनामा ८.११ प्रतिशतले सदस्यहरुको बचत वृद्धि भएको छ।

२) **चालु दायित्व तथा व्यवस्था :**

आ.व.२०८०।०८१मा यस संस्थाको कुल चालु दायित्व तथा व्यवस्था रु.१,३६,५९,५५९।१८ अक्षरेपी एक करोड, छत्तीस लाख, उन्सट्ठी हजार, पाँच सय, उन्सट्ठी रुपैयाँ अठार पैसा रहेकोमा आ.व.२०८१।०८२ मा रु.२४,१०,७७०।१८ अक्षरेपी चौबिस लाख, दश हजार, सात सय, सहत्तर रुपैयाँ, अठार पैसा घट्न भई रु.१,१२,४८,७८९।०० अक्षरेपी एक करोड, बाह्र लाख, अर्चालिस हजार, सात सय, उनान्सय रुपैयाँ कायम हुन आएको छ। समीक्षा आ.व.मा अघिल्लो आ.ब.को तुलनामा १७.६४ प्रतिशतले कमी भएको छ। ऋण सुरक्षण जोखिम व्यवस्था गरेको रकम वासलात (चालु दायित्व तथा व्यवस्था) मा घटाएर राखेको छ।

३) **तिर्नुपर्ने आयकर :**

आ.व.२०८०।०८१ मा यस संस्थाको तिर्नुपर्ने आयकर रु.८,२९,२२८।५९ अक्षरेपी आठ लाख, उन्तीस हजार, दुई सय, अट्ठाईस रुपैया उन्सट्ठी पैसा रहेकोमा आ.व.२०८१।०८२ मा रु. ६,२०,१०९।०० अक्षरेपी छ लाख, बिस हजार, एक सय, नौ रुपैयाँ कायम हुन आएको छ। समीक्षा अघिल्लो आ.व.को तुलनामा २५.२२ प्रतिशतले कमी भएको छ।

**ग) इक्विटी**

**१) शेयर पूजी :**

आ.व.२०८०।०८१ मा यस संस्थाको शेयर पूँजी रु.२,९४,१५,८००। अक्षरेपी दुई करोड, चौरान्नब्बे लाख, पन्ध्र हजार, आठ सय रुपैया कायम भएकोमा आ.व.२०८१।०८२ मा रु.२२,७४,३००। अक्षरेपी बाईस लाख, चौहत्तर हजार, तिन सय रुपैया वृद्धि भई रु.३,१६,९०,१००। अक्षरेपी तिन करोड, सोह्र लाख, नब्बे हजार, एक सय रुपैयाँ कायम भएको छ। यस आ.व.मा कुल सम्पत्तिको अनुपातमा शेयर पूँजी १०.०३ प्रतिशत कायम भएको छ। सदस्यहरुको शेयर पूँजीको सहभागिता विश्लेषण गर्दा प्रति सदस्य औषत शेयर रु.१२,७००। अक्षरेपी बाह्र हजार, सात सय रुपैया कायम भएको छ।

**२) कोष हिसाब :**

समुदायमा छरिएर रहेको स्रोत र साधनलाई एकिकृत गरी समुदायको वित्तीय आवश्यकतालाई स्थायी रुपमा परिपूर्ति गर्न सहकारीहरुको प्रर्वद्धन, सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक आदि क्षेत्रमा विकास गरी सदस्यहरुको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले ग्रामिण बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन २०४८ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी स्थापना गरिएको हो ।

**संस्थाको ऐतिहासिक पृष्ठभूमी (Historical Background of the Saccos)**

सल्यान जिल्लाको शारदा नगरपालिका, वडा. नं. २, खलंगामा अवस्थित ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.को स्थापनाका लागि २०५१ साल माघ २८ गतेका दिन तदर्थ समिति गठन भई तत्कालिन खलंगा र सेजवालटाकुरा गा.वि.स. कार्यक्षेत्र रहने गरी जिल्ला सहकारी कार्यालय सल्यानमा २०५१ साल फाल्गुण २८ गते दर्ता भई (दर्ता नं. ८/०५१/०५२) विधिवत रुपमा वित्तीय व्यवसाय आफनो शेयर सदस्यहरुमा संचालन गर्दै आएको छ । यस संस्थाका सदस्यहरुलाई आफूले आर्जन गरेको आय नियमित रुपले वचत गर्ने वानी वसाल्न उत्प्रेरित गरी संकलन भएको वचत रकमवाट आवश्यक भएका सदस्यहरुलाई सहकारी मूल्यमा आधारित प्राविधिक तथा सीपमुलक आय आर्जन कार्यक्रम लगायत अन्य आर्थिक संकट टार्न उचित व्याजदरमा कर्जा लगानी गरी सदस्यहरुको आर्थिक, सामाजिक, सास्कृतिक र भौतिक अवस्थामा सूधार गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो ।

**२. लेखाङ्कनका आधार**

**२.१ अनुपालन सम्वन्धी उद्घोषण**

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान वोर्ड (ASB),नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको साना तथा मझौला संस्थाका लागि नेपाल वित्तीय प्रतिवेदन मान(NFRS for SMEs) अनुसारतयार गरिएको छ। सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त वित्तीय विवरणहरू तयार पारिएको छैनाचालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहवद्ध/पुनः वर्गीकृत गरिएको छ ।

**२.२ समिक्षा अवधि र वित्तीय स्वीकृति**

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेवाट सुरु भएर आषाढ मसान्त सम्म) लाई आधार लिएको छ । वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ ।

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**२.३ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा**

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो । प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त (राउन्ड अफ) गरिएको छ ।

**२.४ अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग**

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङकन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणारस्वविवेकको प्रयोगआवश्यक पर्दछ। वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन्। विगतको अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ। लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई prospectively समायोजन गरिन्छ ।

**२.५ लेखा नीतिहरूमा परिवर्तनहरू**

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ। लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRSले तोकेको व्यवस्था वमोजिम त्यसलाई समायोजन गरिन्छ ।

**२.६ छुट (Discounting)**

Time value of money को प्रभाव सारभूत भएमा सो रकमहरूलाई discounting गरी मापन गरिन्छ ।

**३. महत्वपूर्ण लेखा नीतिहरू**

**३.१ मापनको आधार**

देहायका सारभुत शीर्षकहरु बाहेक सहकारी संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ ।

| शीर्षकहरु | **मापनको आधार** |
|---|---|
| सम्पत्ति तथा उपकरण-जग्गा | उचित मूल्य |
| लगानी सम्पत्तिहरू | उचित मूल्य |
| कर्मचारीहरूलाई ऋण | उचित मूल्य (बजारको व्याजदरको हिसाबले गणना गरिएको रकम ) |

**३.२ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**पहिचान र मापन**

जव सहकारीसंस्था वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष वन्छ तव सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ । ।सार्वजनिक रूपमा कारोबार गरिएका बाहेक सबै वित्तीय सम्पत्ति र दायित्वहरू, प्रारम्भिक मान्यतामा परिशोधित लागत मूल्यमा मापन गरिन्छ। वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू(transaction costs)शुरुवातमावजार मुल्यमा थपिन्छन्। तर नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूमामा लाग्ने लेनदेनका खर्चहरु नाफा र नोक्सानको विवरणमा लेखाङकन गरिन्छ ।

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**वर्गीकरण तथा मापन**

साना तथा मझौला निकायमा लाग्ने नेपाल वित्तीय प्रतिवेदन मानको दफा ११ द्वारा आवश्यकता अनुसार वित्तीय सम्पत्तिहरू र दायित्वलाई दुई वर्गमा वर्गीकृत गरिएको छ।

**क. परिशोधित लागतमा मापन गरिएको :**

सार्वजनिक रूपमा कारोवार गरिएको शेयरमा लगानी बाहेकका वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वलाई क्षयीकरण घटाएर परिशोधित लागतमा मापन गरिन्छ।क्षयिकरण भनेको करार बमोजिम प्राप्त हुनुपर्ने नगद भविष्यमा प्राप्त नहुने अनुमानित रकमको प्रभावकारी व्याज दर (EIR)ले गणना गरिएको वर्तमान मुल्य हो। यदि सम्पत्तिको मुल्यमा कुनै क्षयिकरणभएकोछ भने,EIR को परिशोधन र क्षयिकरण बाट उत्पन्न हुने रकम नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ।

**ख.नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको :**

सार्वजनिक रूपमा कारोवार हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको उचितमूल्य अनुचित लागत र प्रयास विना भरपर्दो रूपमा मापन गर्न सकिन्छ भने उचित मूल्यमा परिवर्तनहरू नाफा वा नोक्सानमा पहिचान गरी उचितमूल्यमा मापन गरिन्छ। यदि उचितमूल्य विश्वसनीय रूपमा मापन गर्न सकिंदैन भने त्यस्ता वित्तीय सम्पत्ति र दायित्व लागत मूल्यमा क्षयीकरण घटाई मापन गरिन्छ।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुंदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्गगर्दछ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिंदा निसर्गगरिन्छ।

**उचित मूल्यको निर्धारण**

वित्तीय उपकरणको उचित मूल्य भनेको मापन मितिमा वजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति वेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो।

सहकारी संस्थाले वर्णन गरिए अनुसार उचित मूल्य-तहगतको तीन तहहरू(Levels) पालना गर्दछ:

क) उचित मूल्यको सवैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को लागि सूचिकृत मूल्य हो। यो सामान्यतया हालको वोली मूल्य हो।

ख) सूचीकृत मूल्यहरू उपलब्ध नभएको वेला, वाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचीकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोवार उपलब्ध नभएको वेला, वाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू वीचको सामान्य वजार वीचको कारोवारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचीकृत मूल्यको प्रमाण प्रदान गर्दछ।

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान प्रकारको सम्पत्ति) को हालसालैको लेनदेनहरू आफैंमा उचित मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अन्य मूल्याङ्कनविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ। मूल्याङ्कन विधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो।

**क्षयीकरण (Impairment) (दफा ११ अनुसार)**

प्रत्येक रिपोर्टिङ मितिमा व्यक्तिगत रूपमा महत्वपूर्ण ऋणको समीक्षा गरिन्छर क्षय हानी नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाहरकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेकव्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिनेव्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरणप्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ। यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा स्वविवेकप्रयोगगर्दछ। प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुन: प्राप्तियोग्य रकम अनुमान गर्ने यसको योग्यता मूल्याङ्कन गरिन्छ। क्षयीकरणलाई निम्ननुसार व्यवस्था गरिएको छः

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरूर
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुन:प्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**३.३ सम्पत्ति, संयन्त्र तथा उपकरण**

**पहिचान र मापनः**

सम्पत्ति संयन्त्र तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयीकरण भएमा घटाई मापन गरिन्छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्वन्धित खर्चहरू समावेश हुन्छन्।

**मूल्यह्रास** : सहकारी संस्थाले व्यवस्थापनको स्वविवेकमा आधारितमूल्यह्रास दरहरूलाई लागु गर्दै सिधा रेखा विधि अपनाएर सम्पत्ति तथा उपकरणको मूल्यह्रास गर्दछ । सम्पत्ति तथा उपकरणका महत्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने वर्षहरू देहाय बमोजिम छन्

| स.नं. | सम्पत्तिहरु | मूल्यह्रास दरहरू |
|---|---|---|
| १ | भवनहरू | २० वर्ष |
| २ | कार्यालय उपकरण, फर्निचर र कम्प्युटरहरू | ५ वर्ष |
| ३ | सवारी साधनहरू | ८ वर्ष |

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

सहकारी संस्थाले आफ्नो जग्गाको लागी पुनर्मूल्याङ्कन मोडेल अपनाएको छैन । सामान्यतयाएक व्यवसायिक मूल्याङ्कनकर्ताको रिपोर्टको आधारमाप्रत्येक दुई वर्षमा उचित मूल्यहरू निर्धारण गरिन्छ। सहकारीले सम्पत्ति,संयन्त्र तथा उपकरणहरुको अन्य वर्गका लागि लागत मोडेल अपनाएको छ । सम्पत्ति, संयन्त्र तथा उपकरणका वस्तुहरू लागतमासंचित मूल्यह्रास र कुनै पनि संचित क्षयिकरण घटाई मापन गरिन्छ।

नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास बीजकको मितिमा गणना गरिन्छ र लागत रु.२,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ ।

**३.४ ख्याति/अमूर्त सम्पत्तिहरू**

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ। यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा वढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ।

ख्याति वाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूवाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अर्मूत सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ । यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाईलेखाङ्न गरिन्छ ।

सहकारी संस्थासँग अमूर्त सम्पत्तिको रूपमा हाल कुनै पनि सम्पति छैन ।

**३.५ लगानी सम्पत्ति**

लगानी सम्पत्तिहरू लाभ तथा भाडा प्राप्त गर्ने उदेश्यले राखिएको जग्गा र/वा भवन हुन् । यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा विक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छन्।

लगानी सम्पत्तिहरू सुरुमा लागतमा पहिचान गरिन्छ र पछि वास्तविक मूल्य मोडेल प्रयोग गरेर मापन गरिन्छ। सहकारीले उचित मूल्य (Fair Value)प्रयोग गरेर आफ्नो लगानी सम्पत्तिहरू मापन गर्दछ । सम्पत्तिहरू सुरुमा लागतमा र त्यसपछि प्रत्येक रिपोर्टिङ मितिहरूमा उचित मूल्यमा (Fair Value)मापन गरिन्छ, भिन्नताहरू नाफा वा नोक्सानमा स्थानान्तरण गरिन्छ ।

**३.६ आयकर**

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन् ।

**चालु कर**

चालु कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्वन्धित भईइक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको वाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएकोआयकर खर्चहो । चालु कर भनेको चालु वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्वन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाईभुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाईभुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

**स्थगित कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिंदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिवाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने वखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

**३.७ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू**
**निक्षेप :**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोवारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोवारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ ।निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

**३.८ प्रावधानहरू, अन्य दायित्वहरू आकस्मिक दायित्वहरू**

कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत वाहिरिन सक्ने सम्भावना वढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ।लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सवैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ।व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सवैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत वाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सवैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ।

संयोगिक (सम्भाव्य)दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात वाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत वाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ ।

Kathmandu
Nepal
CHARTERED ACCOUNTANTS

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

सम्फौतावाट प्राप्त गर्ने अपेक्षित लाभ सम्फौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्फौताको लेखाङ्कन व्यवस्था गरिन्छ । २०८२ को आषाढंको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्फौताहरू छैनन् ।

**३.९ आयको पहिचान**

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। आय वाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

**व्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सवै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको व्याज आर्जन गर्ने वित्तीय उपरणहरु , नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको व्याज आम्दानी प्रभावकारी व्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ। EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट(discount) गर्ने दर हो। प्रभावकारी व्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी व्याज विधिअन्तर्गत प्राप्त हुने आम्दानीको लगभग वरावर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन्।

**नाफा विवरणमा पहिचान गरिएको व्याज आम्दानी र नोक्सानीमा निम्न समावेश छन्:**

•क्षतिग्रस्त ऋण वाहेकका प्रभावकारी व्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको व्याज आम्दानी। यी वित्तीय सम्पत्तिहरूमा नेफस्कुन, राष्ट्रिय सहकारी वैंकर जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन् ।

•हालसम्म सञ्चालन ऋणवाट प्राप्त तर आर्जित नभएको व्याज आम्दानीलाई चालू वर्षको व्याज आम्दानीमा मान्यता दिइएको छ ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरवाट प्राप्त लाभांश आम्दानीलाईलाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

**अनुदान आय**

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरू; कार्यसम्पादन सर्तहरू पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ । निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरू अनुदान प्राप्त हुने कुरा निश्चित हुने वित्तिकै आयको रूपमा लेखांकन गरिन्छ ।प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ ।

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**३.१० ब्याज खर्च**

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाईप्रभावकारी ब्याजदर विधिप्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा वा नोक्सान मार्फत उचितमूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाईप्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**३.११ कर्मचारी लाभहरू**

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, वोनस र अन्य कर्मचारी सम्वन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट विनाको आधारमा (undiscounted)मापन गरिन्छ र सम्वन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

**पारिश्रमिक सहितको अल्पकालीन विदाहरू**

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको भैपरी र पर्व विदा, ७ दिनको अनिवार्य विदा प्रदान गर्दछ। यी विदाहरू संचित नहुने र निहित हुँदैनन्। यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ६० दिनको प्रसूति विदा, १५ दिनको प्रसूति स्याहार विदा र किया विदा प्रदान गर्दछ ।

**रोजगारी पछि कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन ।संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

**सामाजिक सुरक्षा कोष योगदान**

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो। श्रम ऐन, २०७४ को अनुपालनमा,सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबवाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो। सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व वाहेक अरू कुनै दायित्व छैन ।

**परिभाषित लाभ योजनाहरू**

परिभाषित लाभ योजनाहरू भनेको परिभाषित योगदान योजनाहरू वाहेकका रोजगारी पछिको लाभ योजनाहरू हुन्। परिभाषित लाभ योजनाहरू अन्तर्गत, संस्थाको दायित्व वर्तमान र पूर्व कर्मचारीहरूलाई सहमत लाभहरू प्रदान गर्नु

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

हो, र बीमांकिक जोखिम (लाभहरू अपेक्षा भन्दा बढी वा कम खर्च हुने) र लगानी जोखिम (कोषमा छुट्याइएको सम्पत्तिमा प्रतिफल अपेक्षा भन्दा फरक हुने) तत्वमा, संस्थाद्वारा वहन गरिन्छ। यदि बीमांकिक वा लगानी अनुभव अपेक्षा भन्दा खराब छ भने, संस्थाको दायित्व बढ्न सक्छ, र यदि बीमांकिक वा लगानी अनुभव अपेक्षित परिभाषित लाभ योजना भन्दा राम्रो छ भने संस्थाको दायित्व घट्न सक्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास विना, आफ्नो परिभाषित लाभ दायित्व र सम्वन्धित खर्च मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि(Projected Unit Credit Method) प्रयोग गर्न सक्षम छ भने गर्न सक्छ। यदि परिभाषित लाभहरू भविष्यको तलबमा आधारित छन् भने, अनुमानित एकाइ क्रेडिट विधिमा अनुमानित भविष्यको तलव वृद्धिलाई प्रतिविम्वित गर्ने आधारमा परिभाषित लाभ दायित्वहरू मापन गरिन्छ । यसैगरि अनुमानित एकाइ क्रेडिट विधिमापरिभाषित लाभ दायित्व मापन गर्न विभिन्न बीमांकिक अनुमानहरू प्रयोग गरिन्छ , जसमा छुट दरहरू, योजना सम्पत्तिमा प्रतिफलको अपेक्षित दरहरू, तलव वृद्धिको अपेक्षित दरहरू, मृत्युदर, र (परिभाषित लाभ चिकित्सा योजनाहरूको लागि) चिकित्सा लागत प्रवृत्ति दरहरू समावेश हुन्छन्।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास विना, परिभाषित लाभ योजनाहरू अन्तर्गत आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलव वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई वेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्वन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ।

सहकारीले परिभाषित लाभ योजनाका लागिसरलीकृत प्रकृया अपनाएको छ र कर्मचारी लाभमा परिभाषित लाभ योजनाहरूसँग सम्वन्धित सवै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

**अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

अन्य दीर्घकालीन कर्मचारी लाभहरू छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका वाहेक कर्मचारी लाभहरू हुन्।यस्ता लाभहरूको सम्वन्धमा सहकारीको खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गरिन्छ । वर्तमान र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको वदलामा प्राप्त भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई यसको वर्तमान मूल्य निर्धारण गरिन्छ । कुनै विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचितमूल्य कटौती गरिन्छ । छुट दरभनेको कर्पोरेट वन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरू सँग लगभग नजिक हुन्छन् ।अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य वीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ। नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुनः मापनमा वीमाङ्कीय लाभ/नोक्सान सहित सवै खर्चहरूलाई लेखाङ्कन गरिन्छ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास विना आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलव वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई वेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्वन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृयाअपनाउन अनुमति दिइएको छ।

सहकारीले सरलीकृत प्रकृयाअपनाएको छ रसवै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरेको छ ।

Kathmandu
Nepal
CHARTERED ACCOUNTANTS

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**३.१२ पट्टाहरू**

सहकारी संस्थाले दफा २० पट्टा लागूसञ्चालन पट्टा भुक्तानीलाई खर्चको रूपमा रूपमा लेखाङ्कन गरेको छ । दफा २० अन्तर्गत लेखा नीतिहरूको विवरण प्रस्तुत गरिएको छ ।

सहकारीले आफ्नो सेवा केन्द्र कार्यालय भाडामा लिएको छ। पट्टा सम्झौताहरू सहकारीले यसको मुख्य कार्यालय र सेवा केन्द्रकार्यालयहरूको लागि भाडामा लिएको भवन परिसरसँग सम्बन्धित छन्। आर्थिक वर्ष २०८१/८२ मा सहकारीसँग ६ वर्षको औसत पट्टा अवधिको साथ कुल २ परिसर भाडामा थिए। कुनै पनि पट्टा सम्झौताले पट्टा अवधिको अन्त्यमा खरिद विकल्प प्रदान गर्दैन र खरिद विकल्प समावेश गर्दैन । अपेक्षित मुद्रास्फीतिसँग मिल्दोजुल्दो हुने गरी पट्टा भुक्तानीनिर्धारण भएको छ।

निम्न अवस्थामा बाहेक सहकारीले सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी (बीमा र मर्मत सम्भार जस्ता सेवाहरूको लागत बाहेक) लाई सरल रेखा विधिको आधारमा पट्टा अवधिमा खर्चको रूपमा लेखांकन गरेको छ :

(क) अर्को कुनै विधिबाट पट्टा खर्च लेखांकन गर्नु उपयुक्त देखिएमा वा

(ख) पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको देखिएमा

पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएकोहुँदा भुक्तानी भएको रकमलाई नै खर्चको रूपमा लेखांकन गरिएको छ।

**३.१३ शेयर पूँजी र कोषहरु**

**शेयर पूँजी**

जारी गरिएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ जव नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलव्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै दायित्व हुँदैन । यी उपकरणहरूले दफा २२ वित्तीय उपकरणको उपदफा २२.४ (क) द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्छन्, त्यसैले इक्विटीको रूपमा वर्गीकृत गरिन्छ ।

शेयर निष्कासन खर्चलाई, सोही वर्षमा इक्विटीमा लेखाङकन गरिएको छ र इक्विटीमा भएको परिवर्तनको विवरणमा खुलासा गरिएको छर कर प्रभाव पनि खुलासा गरिएको छ ।

**उचित मूल्य कोष**

लगानी सम्पत्तिलाई उचित मुल्यमा मापन गरिएको छ र सो मुल्यांकनको समायोजन यस कोषमा जम्मा गरिएको छ । उचित मूल्य कोष भनेको लगानी सम्पत्तिको उचित मूल्यमा परिवर्तनहरूको संचय हो ।सम्पत्ति बिक्रि भएपश्चात यस कोषको रकम सहकारी ऐनबमोजिम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ।

**वैधानिक कोषहरू**

यस कोषमाकानूनद्वारा कायम रकम समावेश छ।

UPENDRA CHHETRI & ASSOCIATES Kathmandu Nepal CHARTERED ACCOUNTANTS

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ। स्थिर सम्पत्तिको विक्रीवाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्वन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि वाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि वाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ। यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम वमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि वाँकी नाफाको रकम देहाय वमोजिम विनियोजन गरिएको छ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ७० % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पूर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| स्थिरीकरण कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| **जम्मा** | **१०० %** |

UPENDRA CHHETRI & ASSOCIATES Kathmandu Nepal CHARTERED ACCOUNTANTS

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

### ५ .खुलासा र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायीक कियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोवारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ। यस प्रकारको वित्तीय सेवा पनि वढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम वनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्वन्धित जोखिमहरू समावेश गर्न वलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, वजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, वृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिकोध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समिति :**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी वोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ। यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्को समय-समयमा समीक्षा गर्दछ। यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन्

| स.नं. | नाम | पद |
|---|---|---|
| १ | रुपसिंह राई | संयोजक |
| २ | प्रमिला तिवारी | सदस्य |
| ३ | निलोपदास श्रेष्ठ | सदस्य |

**जोखिम सम्वन्धी सुशासनप्रणाली**

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति वसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ।सञ्चालन जोखिम र कर्जा जोखिम सम्वन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समितिजिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचनासहकारीको जोखिमदायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी वोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र

UPENDRA CHHETRI & ASSOCIATES Kathmandu Nepal CHARTERED ACCOUNTANTS

# ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वियन गरेको छ। सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्वन्धित जोखिम हो। यो सामान्यतयासुरक्षण वासम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा वेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागी तरल सम्पतिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोषउपलब्ध नभएकोअवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैनर वचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ब्याजदर जोखिम**

व्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो। सहकारीले ब्याजदरवाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

व्याजदरमा परिवर्तनवाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको व्याज रकम समावेश गरिएको छ ।

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो। कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो। ऋणीले ऋण लिंदासहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ। त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको वारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्वन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्वन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ।जोखिम-मूल्याङ्कनको लागीदेहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमाऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई वचत वढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितो ऋण हो भने,सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,

Kathmandu
Nepal

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम वमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ। यसकार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोवार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा वढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ। सवै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ। तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा वाहिर जाँदा संस्था जोखिममा पर्छ। यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम वढ्ने सम्भावना हुन्छ। सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई वलियो वनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ।

**बजार जोखिम**

वजार जोखिम भनेको बजार स्तरमा व्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

वजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले वजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन्। यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छ:**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र व्याजदरहरूको वारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनवाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

**संस्थागत वा रणनीतिक जोखिम**

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्राय: एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ। संस्थागत जोखिमले अनुपालन

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छ:

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूवाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम वनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूवाट वच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र वाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिवद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाईसञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ। आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभित्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सवैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ। सवै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागिसंस्था प्रतिवद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ। रक्षाको पहिलो पङ्क्ति सम्वन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरासुनिश्चित गर्न जिम्मेवार छन्। रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ ।रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्वन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

Kathmandu
Nepal
CHARTERED ACCOUNTANTS

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

### ५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य

उचितमूल्य भनेको वजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन। केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ। अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ। यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा वजार सहभागीहरू वीच सम्पत्ति वेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान. गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणवाट मापन मितिमा निकास मूल्य)।

तलको पदानुक्रम अनुसार वास्तविक मूल्यहरू निर्धारण गरिन्छ:

क) उचित मूल्यको सवैभन्दा राम्रो प्रमाण भनेको सक्रिय वजारमा समान सम्पत्ति को लागि सूचिकृत मूल्य हो। यो सामान्यतया हालको वोली मूल्य हो।

ख) सूचिकृत मूल्यहरू उपलब्ध नभएको वेला, वाध्यकारी विक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोवार उपलब्ध नभएको वेला, बाध्यकारी विक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू वीचको सामान्य वजार विचको कारोवारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोवारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ।यद्यपि, यदि आर्थिक परिस्थितिमा उल्लेखनीय परिवर्तन भएको छ वा वाध्यकारी विक्री सम्झौताको मिति, वा लेनदेन, र मापन मिति बीचको महत्त्वपूर्ण अवधि भएको छ भने यो मूल्य वास्तविक मूल्यको राम्रो अनुमान नहुन सक्छ। यदि संस्थाले अन्तिम लेनदेन मूल्य वास्तविक मूल्यको राम्रो अनुमान होइन भनेर प्रदर्शन गर्न सक्छ ( उदाहरणका लागि, किनभने यसले जवरजस्ती लेनदेन, अनैच्छिक परिसमापन वा संकट विक्रीमा संस्थाले प्राप्त गर्ने वा भुक्तानी गर्ने रकमलाई प्रतिविम्वित गर्दछ), तव त्यो मूल्य समायोजन गरिन्छ ।

ग) यदि सम्पत्तिको वजार सक्रिय छैन र कुनै पनि वाध्यकारी विक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान सम्पत्तिको) को हालसालैको लेनदेनहरू आफैमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्न प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ। मूल्याङ्न प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य वजार विचको कारोवारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

### ५.३ सम्वन्धित पक्षको खुलासा

**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्वन्धित पक्षको रूपमा पहिचान गरिएको छ।

निम्न पक्षहरूलाई सम्वन्धित पक्षको रूपमा पहिचान गरिएको छ:

| क.स.. | नाम | सम्वन्ध | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | लक्ष्मण कुमार राई | अध्यक्ष | २०८०-०६-२४ | २०८४-०६-२४ |
| २ | धिरज रावत | उपाध्यक्ष | २०८०-०६-२४ | २०८४-०६-२४ |

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

| | | | | |
|---|---|---|---|---|
| ३ | श्रीकान्त राई | सचिव | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ४ | विरेन्द्र कुमार राई | कोषाध्यक्ष | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ५ | नरेश कुमार प्रधान | सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ६ | निनु शाह | सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ७ | सिता श्रेष्ठ | सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ८ | कन्चन श्रेष्ठ | सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ९ | रमा सिंह | सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| १० | दुर्गा प्रसाद सिंह | सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| ११ | धिरेन्द्र कुमार शाक्य | पदेन सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| १२ | रुपसिंह राई | ले.सु.स.संयोजक | २०८०-०६-२४ | २०८४-०६-२४ |
| १३ | प्रमिला तिवारी | ले.सु.स. सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| १४ | निलोप दास श्रेष्ठ | ले.सु.स.सदस्य | २०८०-०६-२४ | २०८४-०६-२४ |
| १५ | शान्ता राई | प्रमुख कार्यकारी अधिकृत | २०५३-०५-१० | |

**संचालकहरु र प्रमुख कार्यकारी अधिकृतसँगको कारोबार र भुक्तानी**

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | १,८०,०००/- | २,१४,५००/- |
| सञ्चार र इन्धन सुविधाहरू | ६,०००/- | ६,०००/- |
| दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकम) | १,९५०/- | १,९५९/३७ |
| जीवन बीमा प्रिमियम (१० वर्षे जीवन बीमा) | - | - |
| **कुल** | **१,८७,९५०/-** | **२,२२,४५९/३७** |
| ऋण, पेश्की र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू | **१५,६१,१५९/९६** | **२२,८२,२३४/५९** |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधाहरू

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| आधारभूत तलब | ५,२८,५९२/- | ५,२४,२६८/- |
| ग्रेड | १,३५,४५२/- | १,३९,७७६/- |
| भत्ताहरू (महंगी) | २४,०००/- | २४,०००/- |
| सन्चय कोष | ६६,४०८/- | ६६,४०८/- |
| हितकोष | ६६,४०८/- | ६६,४०८/- |
| चाँडपर्व खर्च | ५५,३३७/- | ५५,३३७/- |
| उपचार खर्च | ५५,३३२/- | ५५,३३२/- |
| संचित विदा भुक्तानीहरू | - | - |
| पोशाक भत्ता | १०,०००/- | १०,०००/- |
| जीवन बीमा प्रिमियम | ४,५६२/- | ४,५६२/- |

## ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्वन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

| | | |
|---|---|---|
| सवारी साधन सुविधा | छैन | छैन |
| आवास सुविधा | छैन | छैन |
| **कुल** | **९,४६,०९१/-** | **९,४६,०९१/-** |
| ऋण, पेश्की र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू | **३१,६५,७१४/९९** | **३२,०६,४३१/३७** |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

माथिका अतिरिक्त बाहेक, सहकारीले संस्थाको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ ।

**५.४ मर्जर र प्राप्ति**

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

**५.५गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

**५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू**

नपाल लेखामान (NAS १०) "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि अवलोकन गरिदैन।

# नोट

| सदस्यता प्रदान गर्ने जानकारी | ऋण माग गर्दा आवश्यक कागजातहरु |
|---|---|
| • नेपाली नागरिकताको प्रतिलिपी-१ प्रति<br>• राष्ट्रिय परिचयपत्रको प्रतिलिपी-१ प्रति<br>• पासपोर्ट साईजको फोटो - ३ प्रति<br>• हकवालाको पासपोर्ट साईजको फोटो - १ प्रति<br>• बसाई सरी आएको भए वसाई सराई दर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति<br>• कार्यक्षेत्र भित्रको जग्गा धनी वा अन्य कुनै प्रमाण पत्रको प्रतिलिपी १ प्रति<br>• महिला विवाह भई आएको र नागरिकता कार्य क्षेत्र भन्दा बाहिरको भए विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति<br>• कार्यक्षेत्र भित्र लगातार २ वर्ष सम्म बसोबास गरेका व्यक्तिलाई स्थानिय तहको सिफारिस पत्र<br>• न्युनतम १ कित्ता शेयर खरिद अनिवार्य गर्नुपर्ने<br>• मासिक बचत रु.२००। देखि रु.३०००। सम्म<br>• साधारण बचत रु.१००। देखि रु.१०,०००। सम्म<br>• प्रवेश शुल्क रु.५००। (फिर्ता नहुने) | • नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>• नगद प्रवाह विश्लेषण विवरण व्यक्तिगत /पारिवारिक विवरण<br>• आयश्रोतको प्रमाणित विवरण<br>• फर्म कम्पनी वा संगठित संस्था दर्ता भएको प्रमाणपत्र प्रतिलिपी<br>• दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपी<br>• प्रमुख साझेदारहरु वा सञ्चालकहरुको विवरण<br>• कर्जा लिने सम्बन्धमा गरिएको आधिकारिक निर्णयको प्रमाणित प्रतिलिपी<br>• अघिल्लो आर्थिक वर्ष सम्मको आयकर चुक्ता गरेको कर दाखिला गरेको प्रमाणपत्रको प्रतिलिपी<br>• धितो सम्वन्धि विवरण<br>• धितो सुरक्षण सम्वन्धि मञ्जुरीनामा<br>• नापी नक्शा (बिल्यु प्रिन्ट, ट्रेश, फाईल तथा फिल्ड)<br>• चार किल्ला प्रमाणित<br>• चालु आ.व. को तिरो तिरेको रसिद<br>• ऋणी र मञ्जुरवालाको फोटो<br>• अन्य कागजात भए खुलाउने |

# Certificate

Nepal Federation of Savings & Credit Cooperative Unions Ltd.
New Baneshwor, Kathmandu

Government of Nepal
Ministry of Land Management, Co-operative & Poverty Alleviation
Department of Co-operatives
New Baneshwor, Kathmandu

## Hereby certify that

**GRAMIN**
**Savings & Credit Cooperative Society Ltd., Salyan**

has established and applied a credit union management system that enhance the common bond, capabilities, synergy and professionalization within SACCOS toward achieving future strategic needs from the perspectives of **Financial and Institutional Development.**

An audit was performed and documented in Report No. PR-0001/081/082. Results indicates that the requirements according to **Program for Building Absolute and Professionalization (PROBATION)** are fulfilled.

SUCCEED PROBATION **2081 B.S.**

**The SACCOS is entitled to use the PROBATION Brand Logo till 19 December 2025.**

| Shivajee Sapkota (PhD) | Chandra P. Dhakal | Pitambar Ghimire |
|---|---|---|
| Chief Executive Officer | Chairperson | Registrar |
| NEFSCUN | NEFSCUN | Department of Cooperatives |

**20 December 2024**